वर्ष : १९, अंक : ३३, काठमाडौं, २०८० पुस ६ गते शुक्रबार, 22 December, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक
मधेशवाणी
The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी
https://www.facebook.com/madheshvani
https://twitter.com/madheshvani
https://www.youtube.com/@madheshvanit.v.7538
https://www.madheshvani.com

# काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणसम्बन्धी कार्य प्रगति प्रस्तुत

काठमाडौं । प्रधान सेनापति प्रभुराम शर्माले काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माणसम्बन्धी कार्य प्रगति प्रस्तुत गरेका छन् । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा प्रधान सेनापति शर्माले कार्य प्रगति प्रस्तुत गर्दै काठमाडौं-तराई फास्ट ट्रयाक बनाउन हाल प्रचलित कानुन बाधक रहेका बताएका छन् । उनले फास्ट ट्रयाक निर्माणका लागि फास्ट ट्र्याककै कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिए ।

फास्ट ट्रयाकको काम फास्ट ट्र्याकमा गर्नुस् भन्ने तर नियम कानुन चाहिँ २०१७ सालदेखिको देखाउने भन्दै प्रधान सेनापति शर्माले पुरानै ऐन नियमका कारण २०८३ सालसम्म पनि फास्ट ट्रयाक नबन्ने बताए ।

विगतमा वातावरण संरक्षणका लागि बनाइएको कडा कानुनले अहिले विकास निर्माणमा अवरोध पुगिरहेको भन्दै प्रधान सेनापति शर्माले फास्ट ट्रयाक निर्माणका लागि वन ऐनमा रहेको रुख काट्ने प्रावधानसँगै जग्गा प्राप्ति ऐन संशोधन गर्नैपर्ने औंल्याए ।

प्रधान सेनापति शर्माले नियम कानुनको परिधिभित्र रहेर नेपाली सेनाले पारदर्शी रुपमा काम गरिरहेको भन्दै ऐन,



नियम परिवर्तन भएन भने फास्ट ट्र्याकमा मात्र होइन, नेपालमा कुनै पनि आयोजना पूरा हुन कठिन हुने समेत बताए ।

छलफलमा सांसदहरुले फस्ट ट्रयाक निर्माणका सम्बन्धमा सबै पक्षसँग समन्वय गरेर काम छिटो सम्पन्न गर्ने गरी अगाडी बढ्नुपर्ने, आयोजनाको काम लम्बिँदै जाँदा लागत बढ्ने, सेनाको कायम रहेको छवि उच्च राख्नका लागि काम समयमै सम्पन्न गर्नुपर्ने, सुशासन र पारदर्शिताका सवालमा नेपाली सेना निर्मम हुनुपर्ने लगायतका विषय उठाएका थिए ।

नेपाली सेनालाई फास्ट ट्रयाक र तुसरपानी कोठेधार तिंकर सडक निर्माणको काम समयमै सम्पन्न गर्न आइपरेका समस्या, लागत, भइरहेको ढिलाइ लगायतका विषयमा सांसदहरुले प्रश्न गरेका थिए ।

यसैबीच, प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले समयसिमा भित्र काठमाडौं तराई द्रुत मार्ग निर्माणको काम सम्पन्न गर्न प्रधानमन्त्री, उपप्रधानमन्त्री, रक्षामन्त्री, मुख्य सचिव लगायत सबैसँग छलफल गरी अघि बढ्न निर्देशन दिएको छ ।

समितिले राष्ट्रिय गौरवको आयोजनाको हकमा पूरक वातावरणीय शून्य मूल्याङ्कन समयसिमा तोकी उक्त अवधिभित्र स्वीकृत गरी रुख कटान तथा जग्गा प्राप्ति लगायतका कार्यमा समयमै सम्पन्न गर्न आवश्यक सहजीकरण गरिदिन सरकारलाई निर्देशन दिएको छ ।

यसैगरी राष्ट्रिय गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्नका लागि सबै पक्षबाट प्राथमिकता दिई आवश्यक सहयोगका लागि समन्वयकारी भूमिका निर्वाह गर्न पनि सरकारलाई समितिले निर्देशन दिएको छ ।

यस्तै द्रुततर निर्माण सम्बन्धमा नेपाली सेनाबाट अनुरोध भएबमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट उपलब्ध गराउनुपर्ने आवश्यक प्राविधिक तथा अन्य सहयोग समयमै उपलब्ध गराउन निर्देशन पनि दिएको छ ।

# सबै मन्त्रालयको बिफ्रिङ लिएर समीक्षा गरिरहेको छु : प्रधानमन्त्री



विराटनगर । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूले पुस लागेदेखि सामूहिक रुपले मन्त्रालयको बिफ्रिङ लिइरहेको बताउँदै ६ वटा मन्त्रालयको सकिएको जानकारी दिएका छन् ।

विराटनगर विमानस्थलमा आजसाँझ संचारकर्मीसँग कुरा गर्दै उनले यस्तो बताएका हुन् । उनले भने, 'सबै मन्त्रालयको बिफ्रिङ लिएर समीक्षा गरिरहेको छु । अब नयाँ ढंगले जाने, विकास निर्माण र जनताको सेवा अगाडि बढाउने योजना बनाउने हो । अब टार्गेट दिइन्छ । त्यो अनुसार भएन भने सोच्नुपर्छ ।'

प्रधानमन्त्रीले सुशासन, सामाजिक न्याय, विकास निर्माणमा आफू सफल भएको बताए । उनले भने, 'मिडियामा पनि पुरै नबुझि लेखिदिनुहुन्छ कि के गर्नुहुन्छ थाहा भएन । तर, सरकारले सामाजिक न्याय, मिटरब्याज पीडित, नागरिकता समस्या हल भयो । भ्रष्टाचार र सुशासनको पक्षमा यो लेबलको कहिल्यै छलफल भएको थियो ? भु-माफियाको विरुद्ध कदम चालिएको छ । अन्तराष्ट्रिय रुपमा पनि ऐतिहासिक रुपमा सफल छ ।'

प्रधानमन्त्री प्रचण्डले एनसेल काण्डमा पर्याप्त तथ्य तथ्याङ्कसहित आफूले संसदीय समितिमा कुरा राखिसकेको र विधि, विधान र कानूनभन्दा माथि कोही पनि नरहेको बताए । 'यसलाई अनावश्यक कोट्याउन आवश्यक छैन । विधि, विधार र कानूनभन्दा बाहिर केही गर्न दिइँदैन । यसको बारेमा अनावश्यक कचिङ्गल र भ्रम सिर्जना गर्ने षड्यन्त्र असफल हुन्छ,' प्रधानमन्त्रीले भने ।

उनले आफ्नो पार्टीको नामबाट कम्युनिष्ट हटाउन लागेको भन्ने चर्चा सहि नभएको पनि बताए । 'कम्युनिष्ट पार्टीको नाम कहिल्यै पनि परविर्तन हुँदैन । खाली माओवादी केन्द्रको ठाउँमा समाजवादी केन्द्र पनि हुनसक्छ । भेला, सम्मेलन, अधिवेशनबाट नेपाल कम्युनिष्ट पार्टी समाजवादी भन्ने पनि हुनसक्छ । हामी छलफलमा छौं,' उनले भने, 'संविधानले पनि समाजवाद भनेको छ भने समाजवादको भाव आउने नाम दिनु अहिलेको वस्तुसंगत हुन्छ भनेका छौं ।'

कोशी प्रदेशमा नामकरणको विषयमा देखिएको असन्तुष्टि संवाद र छलफलको माध्यमबाटै समाधान गर्नुपर्नेमा उनले जोड दिए । 'यो विषय सबै मिलेर छलफल गरेर संवादकै तरिकाले शान्तिपूर्ण ढंगले यसको समाधान गर्नुपर्छ । नामको विषयमा आन्दोलनमा जाने साथीहरुलाई पनि भेटेर कुराकानी गरेको छु । यसलाई एक्स्ट्रिममा जान दिनुहुँदैन भन्ने छ । अतिवाद तिर जान दिनुहुँदैन,' उनले भने ।

# सरकारलाई उपेन्द्र यादवको ५३ बुँदे सुझाव



काठमाडौं । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सुझावसहित ५३ बुँदे प्रस्तावहरु बुझाएका छन् ।

सरकारले आफ्नो कार्यशैलीमा सुधार गरी जनतालाई परिवर्तनको प्रत्याभूति दिलाउन, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, संचार लगायतका क्षेत्रमा व्यापक सुधार गरी विकास निर्माणका कार्यलाई गति दिन र मुलुकमा सुशासन कायम गर्दै संविधान संशोधनसहित संघीयताको प्रभावकारी कार्यान्वयन लगायतका सम्बन्धमा सत्ता गठबन्धनको बैठकमा जसपा अध्यक्ष यादवले सुझावसहित ५३ बूँदे निम्न प्रस्तावहरु पेश गरेका हुन् । प्रधानमन्त्रीसहितको चार दलीय सत्ता गठबन्धनको बैठकले सरकारका तर्फबाट गर्नुपर्ने सुधारका कार्यसम्बन्धी सुझावहरु तयार गर्न जसपा नेपालका अध्यक्ष यादवलाई जिम्मेबारी दिएको थियो ।

# उखु किसानको ५२ करोड बक्यौता तत्काल भुक्तानी दिने सरकारको निर्णय

काठमाडौं । सरकारले उखु किसानहरूलाई भुक्तानी दिन बाँकी ५२ करोड रूपैंयाँ तत्काल भुक्तानी दिने निर्णय गरेको छ। आइतबार दिउँसो प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को पहलमा बसेको बैठकले उखु किसानहरूको बाँकी भुक्तानी तत्काल उपलब्ध गराउने निर्णय गरेको हो।

बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महत, कृषिमन्त्री डा. बेदुराम भुसाल, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, अर्थ मन्त्रालय, कृषि मन्त्रालय र उद्योग मन्त्रालयका सचिवहरू लगायत उपस्थित हुनुहुन्थ्यो।

बैठकमा प्रधानमन्त्री प्रचण्डले कृषि क्षेत्र र किसानहरूलाई प्राथमिकतामा राखेर उत्पादनमुखी नीति, योजना र कार्यक्रम बनाउन एवं कार्यान्वयनमा तत्परता देखाउन मन्त्री र सचिवहरूलाई निर्देशित समेत गर्नुभएको छ।

# 'लुटकारी व्यवस्थाको अन्त्य नभएसम्म आन्दोलन जारी रहन्छ'

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम सम्पर्क मञ्चले 'भन्सार नियमावलीबाट ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी ब्यवस्था खारेजी' गर्नुपर्ने माग गर्दै काठमाडौंको त्रिपुरेश्वरमा रहेको भन्सार विभागमा धर्ना तथा घेराउ कार्यक्रम गर्दै आएको छ ।

आजपा केन्द्रीय सदस्य एवं भन्सार कानून सुधार संघर्ष समितिका संयोजक रन्जुकुमारी साहले आफूहरुको चरणबद्ध आन्दोलन चार पुगी सक्दा समेत सरकारले न्यायोचित माग सम्बोधन गर्नुको सट्टा नजरअन्दाजपूर्ण उदाशीनता देखाएकोप्रति चिन्ता व्यक्त गरेकी छन् । 'यसरी राज्यकोषको झण्डै आधा ढुकुटी दिन दहाडै कर्मचारीहरुले कानूनी आडमा बाँडफाँड गरी खाने अपराधपूर्ण कार्यलाई सरकारले नरोक्दा कहीं यसमा सरकारको उपल्लो नेतृत्वको पनि संलग्नता एवं हिस्सेदारी त छैन ? भन्ने आशंका सहित यथाशीघ्र माग सम्बोधन नगरे जारी धर्ना र घेराउ कार्यक्रमलाई बीच सडकमा ल्याउने छौं' साहले आज जारी गरेको एक प्रेस विज्ञप्तीमा उल्लेख गरिएको छ ।

भन्सारमा हुने गरेको लुट एवं भ्रष्टाचारको विरुद्ध बिभिन्न माग गर्दै भन्सार विभाग कार्यालयमा धर्ना तथा घेराउ हुदैआएको छ कर कानुन, राजस्व कानुन र भन्सार कानुनमा एकरूपता ल्याउन भन्सार नियमावलीबाट व्यक्ति, सवारीसाधन एवं सम्पति जफत गर्ने प्रावधान हटाउँनुपर्ने माग आन्दोलनकारीको छ ।

यसैगरी भन्सारबाट उठेको राजश्व रकमबाट २५ प्रतिशत रकम सम्बन्धित प्रदेशलाई र २० प्रतिशत रकम सम्बन्धित पालिकालाई दिने व्यवस्था गर्नुपर्ने, घरायसी प्रयोजनको लागि ल्याईने बस्तुमा भन्सार कर लगाउँने व्यवस्थाको अन्त्य हुनुपर्ने माग उनीहरुले गरेका छन् ।

आजपाले गत ३१ भदौमा भन्सार विभागका महानिर्देशक मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएर शुरू गरेको संघर्षको पहिलो चरण अंतर्रगत गत ३ असोजमा पत्रकार सम्मेलन, १८ असोजमा नियमावलीको गलत प्रवाधान जलाईंएको, १९ असोजमा तराई - मधेशका जिल्लाहरूको भन्सार कार्यालय घेराउ र असोज २१-२६ गतेसम्म भन्सार विभागमा धर्ना कार्यक्रम गरेको थियो । तर सरकारले आफ्नो मागको कूनै सुनवाई नगरेपछि बाध्य भएर पुनः थप संघर्षको कार्यक्रम अगाड़ी बढाउँनुपरेको आम सम्पर्क मञ्चका अध्यक्ष श्रीनारायण प्रसादले बताए ।

# प्रादेशिक कृषि प्राविधिक कार्य समूहको बैठक सम्पन्न

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद (नार्क)को केन्द्रीय कार्यालय खुमलटार, ललिपुरमा आज बागमती प्रदेश स्तरीय प्रादेशिक कृषि प्राबिधिक कार्य समूहको बैठक सम्पन्न भएको छ । राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान तथा राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठानको संयुक्त आयोजनामा सम्पन्न सो बैठकमा बिभिन्न बिषयमा ६ वटा कार्यपत्र बिज्ञहरुले प्रस्तुत गरेका थिए । ति बिषयमा समूहगत छलफल समेत भयो ।

आर्थिक बर्षको प्रादेशिक कृषि प्राबिधिक कार्य समूहको बारेमा बिनेश मान साखः, नार्कले हालसालै विकास गरेका बाली तथा वागवानी अनुसन्धान सम्बन्धि प्रविधिहरुको बारेमा डा. सुरेन्द्रलाल श्रेष्ठ, नार्कले हालसालै विकास गरेका पशु तथा मत्स्य अनुसन्धान सम्बन्धि प्रविधिहरुको बारेमा डा. स्वयमप्रकाश श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए ।



यसैगरी प्रदेशस्तरका कृषिसंग सम्बन्धित निकायहरुको तर्फबाट अनुसन्धानमुलक समस्याहरु समस्याको व्यापकता र सम्भावित क्षतिको बारेमा गोविन्दप्रसाद पोखरेल, प्रदेश स्तरका पशुपन्छी तथा मत्स्यसंग सम्बन्धित निकायहरुको तर्फबाट अनुसन्धानमुलक समस्याहरु, समस्याको व्यापकता र सम्भावित क्षतिको बारेमा डा. गौरिमान श्रेष्ठ र प्रदेश स्तरमा कृषि र पशु बिज्ञानसंग सम्बन्धित प्रधानमन्त्री कृषि अनुनिकीकरण परियोजना अन्तर्गतका परियोजना कार्यान्वयन इकाईहरुको तर्फबाट अनुसन्धानमुलक समस्याहरु, समस्याको व्यापकता र सम्भावित क्षतिको बारेमा महेश रेग्मीले कार्यपत्र प्रस्तुत गरेका थिए ।

राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानका निर्देशक डा. सुरेन्द्रलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नार्कका निमित कार्यकारी निर्देशक लुमानिधि पाण्डे प्रमुख अतिथि रहेका थिए । पाण्डेले कार्यक्रमलाई सम्बोधन गर्दै नार्क अन्तर्गतका बिभिन्न कार्यालयबाट हुने अनुसन्धानबाट कृषि क्षेत्र एवं कृषकले लाभान्वित भएको बताए । ति अनुसन्धानबाट समस्याको पहिचान, समाधान लगायतका बिषयमा गम्भिर भएर अझै मिहिने गर्दै अगाडी बढदा कृषि क्षेत्रमा क्रान्ति ल्याउँन सकिने उनले बताए ।

कार्यक्रममा बागमती प्रदेशका कृषि मन्त्रालयका सचिव राजेन्द्र कोइराला, पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय बागमती प्रदेश हेटौडाका निर्देशक डा.गौरिमान श्रेष्ठ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना भरतपुर चितवनका परियोजना कार्यान्वयन इकाई प्रमुख महेश रेग्मी, कृषि विकास निर्देशनालय बागमती प्रदेश हेटौडाका वरिष्ठ बालि संरक्षण अधिकृत गोविन्दप्रसाद पोखरेल, नार्कका निर्देशकहरु, कार्यक्रम संयोजकहरु, केन्द्र प्रमुखहरु, महाशाखा प्रमुखहरु लगायतका बिभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुको बिशेष सहभागिता रहेको थियो ।

## सम्पादकीय

# धराशायी बन्दै कृषि

नेपालको उत्पादन क्षेत्र धाराशायी रहेको कारण महँगी र बेरोजगारी चरम अवस्थामा छ। फलतः नेपालका ५० लाख युवा विश्वको श्रम बजारमा बेचिन बाध्य हुनु पऱ्यो। नेपालमा कुल जनसंख्याको १७.५ प्रतिशत जनसंख्या, ३० प्रतिशत परिवार अर्थात् ५० लाख मानिस गरिबी रेखामुनि रहेको छ। उत्पादन क्षेत्र धाराशायी रहँदा आयातको भरमा नेपाली अर्थतन्त्र चलायमान रहेको कुराप्रति नसरकार, नप्रतिपक्ष, नअर्थविद् सम्बेदनशील बनेको छ र देशको अर्थक्षेत्र दिनानुदिन दयनीय बन्दै गएको छ। कृषि विकासका लागि अगुवा बैंकको रूपमा स्थापित कृषि विकास बैंकलाई सरकारमार्फत आईएफएडीले ८० मिलियन अमेरिकी डलर ऋण सहयोग उपलब्ध गराउने उक्त सम्झौतामा भनिएको छ। अहिले पनि वैदेशिक सहयोगमा आधारित कृषिका २० वर्षे (०७२-०९२) कार्यक्रमहरू संचालित छन्। कृषि उत्पादन बढाउन र डरलाग्दो आयात विस्थापनका लागि कृषिक्षेत्रको तीव्रतर विकासका लागि ऋण सहयोग भनिएपनि त्यस्ता कतिपय ऋण, अनुदान सहायता रकम विगत ३२ वर्षमा राज्यसत्ताले पचाई सकेको छ। परिणाम भने शुन्य अवस्थामा छ।

०४७ सालको परिवर्तनपछि राजनीतिक प्रणाली लोकतान्त्रिक बनेपनि पुर्ववर्ती प्रशासकीय नेतृत्वको आचरणमा कुनै परिवर्तन देखिएको छैन। राजतन्त्रमा सधैं डराएर काम गर्ने बाध्यतामा रहेको कर्मचारीतन्त्रको स्वेच्छाचारिता लोकतन्त्रमा स्थायित्व प्राप्त गऱ्यो। स्थायी सरकारमा केही टालटुले परिवर्तन देखिएपनि तात्विक परिवर्तन नभएका कारण देशले विकासमा फड्को मार्न सकेको छैन।

नेपाल राष्ट्र बैंकले सरकारको कृषि उत्थान नीतिका आधारमा सबै बैंक तथा बित्तीय क्षेत्रलाई कमसे कम १० प्रतिशत कृषिक्षेत्रमा लगानी गर्नु पर्ने नीति अनुसार विगत १० वर्षमा बैंक तथा वित्तीय संस्थाले कुल ऋण लगानी मध्ये कृषिक्षेत्रको लगानी ऋण ५.३२ प्रतिशत लगानी गरेको छ। विगत १० वर्षमा कृषि ऋण औसत रूपमा ३१.४३ प्रतिशतले बढेको छ। १ खर्ब २३ अर्ब २७ करोड रूपैया वार्षिक औसत कृषिक्षेत्रमा खर्च हुने गरेको छ। यस अनुसार कृषिक्षेत्रको वार्षिक उत्पादन ३ प्रतिशत वृद्धि भएको तथ्याँकले देखाएको छ। कृषि ऋणमा वृद्धि हुँदै जानु तर सो अनुसारको प्रतिफल नआउनु ऋणको दुरूपयोग भई रहेको आशंकालाई बढाउँछ। समस्यै समस्यामा अल्झिएको कृषकले बैंक वा वित्तीय संस्थाको ऋण लिने जटिल प्रक्रियालाई थग्नै सक्दैन। फुर्सतको अभावमा कृषक विधीपूर्वक समय दिन नसक्ने भएपछि सरोकारवालाको पहुँच ऋणसम्म हुन सक्दैन र विचौलियाहरू कृत्रिम कृषकको रूपमा बैंकबाट ऋण लिएर यसको दरूपयोग गरेको परिणामले देखाउँछ। विचौलियासम्म कृषि ऋण पुग्दा दिने लिने दुबैपक्ष लाभान्वित हुने भएकोले यस्तो सरल कार्य को गर्न चाहँदैन। विचौलियासम्म कृषि ऋण पुग्दा दिने लिने दुबैपक्ष लाभान्वित हुने भएकोले यस्तो सरल कार्य को गर्न चाहँदैन। विधी पुऱ्याएर कृषिक्षेत्रमा गरिएको लगानी जोखिम कर्जाको रूपमा परिणत भयो भने सरोकारवालाको घरघरानाबाट असुल उपर गर्ने कानूनी प्रक्रिया त छँदैछ। प्रत्येक वर्ष १ खर्ब २३ अर्ब २७ करोडको कृषिमा लगानी भई रहँदा त्यस्को अपेक्षित परिणाम नआउनु र त्यो चिंता, चासो र अनुसन्धानको विषय नबन्नु संस्थागत अनियमितताको ठूलो उदाहरणतिर संकेत गर्दछ।

## शिव शनि धामः

# उज्जवल भविष्य तर अवरोधक द्वन्द्व

**शिव शनि धामको जरोमा रहेको सरकारी वन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति तथा शिव शनि धाम नामको समाजसेवी संस्थाको बीचमा असमन्वय र पुजारीलाई धामबाट भगाउने नियतले टहरा भत्काएको घटनाको पृष्ठभूमिमा रहेको परस्पर विवाद र द्वन्द्व र त्यस द्वन्द्व सरकारी अड्डाले तटस्थतापूर्वक खेल्नुपर्ने भूमिकाको सट्टा वन उपभोक्ता समितिसँग मिलेर पुजारीको घर नै भत्काउने कारबाही गरेको देखिन्छ।**



अजय कुमार झा

सनातन धर्मका मठ, मंदिर, देवस्थल आदि हरेक गाउँ, टोल, समुदायमा भेटिन्छन्, तर सनातनी तीर्थहरु प्राय: दुर्गम पर्वतमालाहरुमा नै रहेको पाइन्छन्। तीर्थहरु दुर्गम स्थानमै स्थापित तथा विकसित हुनुको कारणहरु अनेक हुन सक्छन् तर पहिलो वा प्रमुख कारणको रुपमा ती तीर्थस्थलहरु ती सन्त, सन्यासी, योगी, वैरागी, ऋषि, मुनि, महात्माहरुले निर्माण गरेको हुनुपर्छ, जो परिवार, समाज र मानिसहरुको भीडभाडबाट अलग्ग गएर सुदूर विकट अन्कन्टार ठाउँमा बसेर साधना र तपस्यामा जीवन समर्पित गर्दथे भनी भन्न सकिन्छ। कालान्तरमा धर्मानुरागीहरुमा तीर्थयात्राको रहर र लहर बढ्दै, तीर्थस्थल वरपर तीर्थालुको सेवा र सुविधाको मतलबले बजार र बस्ती बन्दै बढ्दै तथा यातायातको विकास र विस्तार हुँदै दुर्गम स्थानहरु सुगम बन्दै गएका हुन्। यसरी हेर्दा सप्तरीको चुरे वन फेंदीमा पनि एक दशक यता एउटा नयाँ तीर्थ विकसित हुँदै आएको छ, जसलाई शिव शनि धाम भनेर पुकारिन्छ। चुरिया पर्वतमालाको यस भूभागमा रुपनीमाई, अग्निसाईर, कृष्णाराम मरौटी जस्ता देवस्थल र लोकदेवस्थलहरु धेरै पहिलेदेखि नै रहेका छन्, जहाँ भक्तजनहरुको आवागमनको धेरै पुरानो परम्परा छ। तर शिव शनि धाममा भक्तजनको भीड त दिन दुई गुना रात चौगुना झैं बढेको देखिन्छ।

सप्तरीको मध्य उत्तरी क्षेत्र साविकको तेरहौता गाउँ विकास समितिको वडा नं. ५ र हालको रुपनी गाउँपालिकाको वडा नं. ६ अन्तर्गत पर्ने चुरे फेदी दुधैला खोलासँगैको डाँडामा शिव शनि धाम स्थापित छ। पूर्व-पश्चिम राजमार्गमा रुपनीदेखि पूर्व ५ किलोमिटर गएपछि विरेन्द्रबजार आउँछ। विरेन्द्रबजारको पश्चिमी भाग र मध्य भागबाट गरी दुई वटा बाटो शिव शनि धामतर्फ गएको छ, जुन दुधैला खोला किनार पुगेर आपसमा गासिन्छ। दुधैला खोलालाई पटक पटक पार गर्दै वा खोलैखोला भएर तीन चार किलोमिटर हिँडेपछि शिव शनि धाम पुग्ने गरिन्छ। दुधैला खोला कहिल्यै सुक्दैन; धेरथोर पानी जहिले पनि रहन्छ, अत्यन्त शीतल र मीठो। वर्षाको भेल नरहेको बेला मोटरसाइकलमै पनि शिव शनि धामसम्मै पुगिन्छ। विरेन्द्रबजारबाट शिव शनि धामतर्फ जाने दुइटै बाटाको मुखमा ठूलो पक्की द्वार निर्माण गरिएको छ। पूर्वका आगन्तुक पूर्वीद्वार र पश्चिमका आगन्तुक पश्चिमीद्वारबाट गन्तव्यतर्फ पाइला सार्छन्। अहिले त पश्चिमी द्वारबाट जाने बाटोलाई मूलबाटोको रुपमा विकास गर्ने कार्य भइरहेको छ। राजमार्गदेखि दुधैला खोलासम्म खण्डस्मित भई सकेको छ भने ठाउँ ठाउँमा कालोपत्रेसमेत भई सकेको छ। दुधैला खोलामा पुरानो डाईभर्सनसँगै गतिलै पक्की पुल निर्माणाधीन छ। यो पुल बनेपछि शिव शनि धामको तीन चार किलोमिटर लामो बाटो एक किलोमिटरमा छोट्टिनेछ। शिव शनि धाममा बिजुली पुऱ्याउने काम पनि धमाधम भई रहेको छ। शिव शनि धामको पर्यटकीय पूर्वाधारको विकासमा नेपाली सेनाको उत्प्रेरक भूमिका रहेको बताइन्छ। यहाँ आसपासमा आर्मीको चाँदमारी प्वाइन्ट रहेको छ, सम्भवत: त्यसै कारणले आर्मीको दृष्टि उक्त धार्मिक गन्तव्यमाथि परेको हुनसक्छ।

चुरियाको फेद र दुधैला खोला र धारा खोलाको संगममा गजबको डाँडो छ, हुबहु कैलाश पर्वतको जस्तो। फरक यति कि कैलाश हिउँले ढाकिएको हुन्छ भने यो डाँडो नानाथरिका वृक्ष वनस्पतिले ढाकिएको छ। कैलाशको झैं चारैतिर चार टुक्रा पर्वत र केन्द्रमा टाकुरा। यसै टाकुरामा तलदेखि माथि टुप्पोसम्म ठाउँ ठाउँमा देवीदेवताका आकृतिहरु स्थापना गरिएका छन्। बिल्कुलै माथि शिवको प्रतिमा र वृताकारमा १०८ वटा शिवलिंग स्थापना गरिएका छन् भने त्यसमुनिको स्थानमा शनिदेवको प्रतिमा स्थापित छन्। त्यस्तै पार्वती, गणेशसहितको पूर्ण शिव परिवार, नन्दी, भैरव, आदि देवता छन्। यहाँ पञ्चमुखी हनुमान, गोरखनाथ, प्रेतराज, नागराज, नवग्रह, महाकालेश्वर, शिव परिवार देवताहरु पनि विराजमान छन्। राजा शलहेश, दिनाभद्रीजस्ता लोकदेवलाई पनि समावेश गरिएको पाइन्छ। दुधैला खोलालाई नाघेर नै शिव शनि धामको द्वार र परिसरमा प्रवेश गर्न सकिन्छ। द्वारमा प्रवेश गरी माथि उक्लिएपछि दुईवटा टहरो बनाइएको पाइन्छ, जसमा यहाँका तीन जना पुजारी सन्यासीहरु विश्राम गर्दछन्। केही समयअघि पुजारी बस्ने टहरा बन अतिक्रमण गरी बनाएको भन्दै सामुदायिक बन उपभोक्ता समितिका सदस्य र शम्भुनाथ सबडिविजन वन कार्यालय, रुपनीका कर्मचारीहरुले हटाई दिएका थिए। तर पुजारी बस्ने अर्को विकल्प नभएकाले पछि फेरि टहरा निर्माण गरियो। सामुदायिक बन उपभोक्ता समितिका बोलबाला भएका दुईचार जना मानिस त्यहाँ पुजारी सन्यासी बसेको रुचाउँदैनन्। तीर्थस्थलमा नियमित पूजापाठका लागि पुजारीको विकल्प हुँदैन। तर यहाँ बस्ने पुजारीहरुले आफूहरुको खानपानको व्यवस्थाको अभाव रहेको दुखेसो गर्दै धाममा भक्तजनले चढाउने भेटी वन उपभोक्ता समितिका दुईजना मानिसले जहिले पनि हसुरेर लैजाने गरेको बताएका थिए।



शिव शनि धाममा हरेक सोमबार र शनिबार भक्तजनको भीड हुन्छ। शनिबार त हजारौं मानिस पुग्दछन्। चाड पर्वहरुमा पनि आगन्तुक दर्शनार्थीको कमी हुँदैन तर शिवरात्री र शनि जयन्तीका अवसरमा विशेष मेला लाग्ने गर्दछ। शनिदेवको दर्शन गर्नाले ग्रहशान्ति हुने विश्वास छ। विरेन्द्रबजारदेखि करिब तीन चार किलोमिटर उत्तर दुधैला खोला र धारा खोलाको संगममा अवस्थित प्रसिद्ध शिव शनि धाममा दर्शन गर्नका लागि सप्तरी, सुनसरी, सिरहा जिल्लाहरुबाट ठूलो संख्यामा भक्तजन दर्शनार्थी आउँछन्। प्रत्येक शनिबार र महाशिबरात्रीमा बढी भीड रहने हुँदा भक्तजनको सुविधाका लागि पूजासामग्रीका स्टलहरुसमेत राखिन्छन्। देशकै ग्रहदशा शान्त गर्न र मानव जीवनको कल्याणका लागि समय समयमा यज्ञ, अष्टयाम लगायतका अनुष्ठानसमेत आयोजन गरिन्छन्। उक्त स्थानमा शमि, बेल, वर, पिपल, रुद्राक्ष, चन्दन, सडर जस्ता धार्मिक मान्यता भएका सातवटा वृक्ष रहेको किंवदन्ती सुनेर शिवजी यादव भनिने एक सरकारी कर्मचारीले उक्त स्थानमा गई खोजबिन गर्न थालेपछि यदा कदा पूजा गरिएको जस्तो तिलक चन्दन लागेको एक शिला देखे। २५ वर्ष अघि सत्य नारायण साह नामक एक धर्मभिरुले शनिदेवको उक्त शिला स्थापना गरेको बताइन्छ। उक्त शिलाको कारणले उनले उक्त स्थानको नाम शिव शनि धाम भनी प्रचार गर्न थाले। उनी त्यहाँ आवत जावत गर्न थाले र पटक पटक दिन रात गरेर पनि बस्न थाले। यो ठाउँ तीर्थस्थल हो भन्ने अनुभूति उनलाई भयो। उनले सन्तोष चौधरी नामको एक पत्रकारलाई त्यहाँ लगे। धार्मिक प्रवृत्तिका ती पत्रकारले त्यहाँ पटक पटक हवन आदि गर्नुका साथै शनिदेवका ग्रन्थ पनि त्यहाँ पुऱ्याए। उनले उक्त धार्मिक स्थानबारे लेख समाचारादि पनि प्रकाशित गरे। विस्तारै उक्त स्थान चर्चामा आउँदै जिज्ञासुहरुको चहल पहल पनि बढ्न थाल्यो। विरान जंगलमा मानिसको चहल पहल देखिएपछि आर्मीहरुको दृष्टि त्यसतर्फ गयो। उक्त रमणीय स्थानले मोहित तुल्याएका कारण उनीहरु त्यहाँको पर्यटकीय विकासको चाहना गर्न थाले। पछि शिवजी यादवकै माध्यमले भुपेन्द्र यादव नामक एक युवक पनि त्यस स्थानमा जोडिन पुगे। त्यस स्थानको विकासका लागि भुपेन्द्र यादवको सक्रियता देखेर ती पत्रकारले भुपेन्द्रको अध्यक्षतामा शिव शनि धाम नामक एक समितिको विधान बनाई सप्तरी जिल्ला प्रशासन कार्यालयमा दर्ता समेत गराई दिएका थिए।

शिव शनि धामको समिति दर्ता भएपछि मानिसहरुले धेरथोर आर्थिक सहयोग गर्न थाले। त्यस सहयोग तथा आर्मीको श्रमदानले त्यहाँ माथि उक्लिने सिँढी बनाइनुका साथै केही अन्य संरचनाहरु पनि बने। शनिबारका दिन विशेष पूजापाठका साथै यज्ञ र अष्टयाम आयोजन गरी एफएम रेडियो र स्थानीय पत्रिकामा विज्ञापन दिइयो। यी कामकुरा हुन थालेपछि भक्तजनको उपस्थिति बढ्दै गयो। शिव शनि धाम चर्चामा आएपछि राजमार्ग छेउका ग्रामीण पनि जागे। त्यस क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति पनि सक्रिय भए। त्यसपछि शिव शनि धाम समिति र सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरुबीच केही समय द्वन्द्व नै चल्यो। सामुदायिक वन अधिकार क्षेत्रको दाबी गरेर उपभोक्ता

*बाँकी पृष्ठ ५ मा*

# नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपाल बीच भएको सम्झौता

*२०६४ जेष्ठ १८ बाट सुरू भई विभिन्न चरणमा भएको छलफल र सहमतिको आधारमा २०६४/०५/१३ मा सम्पन्न सम्झौता*

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेशी जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखी मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रिकृत र एकात्मक राज्यद्धारा गरिदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संघीय ढाचामा राज्यलाई पुन:संरचना गर्दै मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालका बीच आज निम्न बमोजिम सम्झौता भएको छ ।

१. मधेश आन्दोलनको क्रममा शहिद भएकाहरूलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने ।

२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरूलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरूलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने ।

३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरू खारेज गर्ने ।

४. देशमा युगौंदेखि बहीस्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संरचनाहरूको सबै अंग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने ।

५. राज्यको पुन:संरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा समावेशीय रूपमा विशेषज्ञहरू रहने समेत व्यवस्था गर्ने ।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभोमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्णु राख्दै स्वायत्ततायुक्त प्रदेशहरू सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ । उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. मधेशीहरूको भेषभुषा, भाषा, संस्कृतिलाई राष्ट्रिय मान्यता दिने ।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा लगायतका सेवाहरूका साथै आयोगहरूमा समुचित समानुपातिक प्रतिनिधित्व गर्ने ।

९. मुस्लिमहरूको मुख्य चाड पर्वहरूमा सार्वजनिक बिदा दिने, मदरसा बोर्ड लगायत निजहरूको जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति र रीतिरिवाज सुरक्षित गर्न कानुन तर्जुमा गर्ने ।

१०. जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

११. सरकारी काम काज, शिक्षा तथा अन्तर्राष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रिभाक्षीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्न : (क) जातीय विभेद र छुवाछुत गर्नेलाई कडा कानुनी दण्डको व्यवस्था गर्ने । (ख) दलितलाई नि:शुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
(ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने । (घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरूलाई नागरिकता प्रमाण पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुन: गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजस्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरूद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारूकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिबद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका संसद लगायतले राज्यको साधन, स्रोत र शक्तिको दुरूपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरू टीभी, रेडियो, छापा लगायत सबै अंग र तहमा मधेशी संचारविद् एवं पत्रकारहरूको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरू तथा प्रतिनिधिमण्डलमा मधेशीहरूको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरूले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजी दल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अंग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानुनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरून्त गर्ने ।

२१. अल्पसंख्यकहरूको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिदै आएको विभिन्न आन्दोलनलाई फिर्ता लिने । उपर्युक्त सहमतिलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरूलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानलाई उपर्युक्त समयभित्र गरी सक्ने । कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेखदेख गर्न र समय समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

उपेन्द्र यादव
संयोजक
मधेशी जनअधिकार फोरम, नेपाल

रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ता टोली

नोट : मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणालीजस्ता महत्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचनलाई उच्च प्राथमिकता दिई सहभागी भई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

मिति : २०६४/०५/१३

# संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा

**प्रस्तावना** :

मधेशीहरूलाई समानता, स्वतन्त्रता, आधारभूत मानवअधिकार, सामाजिक न्याय, जनताको आत्मनिर्णयको अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र स्वायत्त प्रदेशका साथै राज्यको हरेक निकाय, तह र अंग तथा राजकीय शक्ति, साधन र स्रोतमा समेत जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, साझेदारी एवं सहभागिता दिलाउन र सार्थक संविधानसभाको निर्वाचन हुनु आजको मूलभूत आवश्यकता हो । मधेशी जनताको आधारभूत अधिकार आकांक्षा एवं चाहनालाई मूर्तरूप दिनका लागि निम्न राजनीतिक दलहरू एकतावद्ध भै सबै प्रकारका विभेदहरूको अन्त्य गर्न र मधेशी जनताको राष्ट्रिय पहिचान एवं आत्मसम्मान सहित हाम्रा साझा लक्ष्यहरूको प्राप्तिका लागि संयुक्त अहिंसात्मक एवं शान्तिपूर्ण रूपमा जारी मधेशी आन्दोलनलाई सार्थक परिणाम एवं निष्कर्षमा पुऱ्याउन "संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा" को गठन गरिएको छ । मोर्चा निम्नानुसारका न्यूनतम साझा मागहरूको प्राप्तिका लागि संघर्षरत रहनेछ ।

**मोर्चाका तत्कालीन माग र कार्यक्रमहरू यस प्रकार रहेका छन् ।**

१. ऐतिहासिक मधेशी जन विद्रोहको क्रममा सहादत प्राप्त गर्नु भएका ४५ जना वीर मधेशी सपुतहरूलाई स-सम्मान शहीद घोषणा गरियोस् । आन्दोलनको दौरान घाइते र अपांग भएकाहरूको सम्पूर्ण उपचारको व्यवस्था, उपचारमा गरिएको सबै खर्च र उचित क्षतिपूर्ति एवं जीवन निर्वाहको व्यवस्था गरियोस् ।
२. जनताको आत्मनिर्णयको अधिकार र स्वायत्त प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्वायत्त तराई अर्थात् मधेश प्रदेशको स्थापना गरिनु पर्दछ । सो को प्रत्याभूति वर्तमान अन्तरिम संविधानमा गरिनु पर्दछ ।
३. संविधानसभाको प्रयोजनको लागि हुने समानुपातिक निर्वाचनको निम्ति वर्तमान संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशत भन्ने वाक्यांश ५० प्रतिशत हुने गरी संशोधन गरिनुपर्दछ ।
४. राज्यको प्रत्येक निकाय, अंग र तहमा मधेशी सहित आदिवासी/जनजाति, दलित, अल्पसंख्यक समुदाय र महिलाहरूको समानुपातिक प्रतिनिधित्व अविलम्ब गराइनु पर्दछ ।
५. देशको सैनिक संरचनामा मधेशी समुदायलाई सहभागिताबाट वन्चित गराइएकोले सेनाको बनौट एंकागी छ । तसर्थ जनसंख्याको अनुपातमा तत्कालै मधेशीहरूको पहिचान सहित सेनामा समूहगत प्रवेश गराइनु पर्दछ ।
६. राजनीतिक उद्देश्य प्राप्तिका लागि संघर्षरत मधेशी सशस्त्र सगठनहरूलाई मूलधारमा ल्याउन अविलम्ब राज्यको पहलमा सार्थक निकास खोजिनु पर्दछ ।

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी
मिति २०६४/१०/२५ गते

# नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच सम्पन्न सम्झौता

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागु हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरू देहाय बमोजिम छन् ।

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषण गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरूलाई उचित राहत राज्यले उपलव्ध गराउने छ । यसै क्रममा आन्दोलनमा घाइते भएकाहरूको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रू. १० लाखका दरले राहत उपलव्ध गराउने तथा गिरफ्तार व्यक्तिहरूलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

३. संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी-जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकुल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जन अधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरूप बन्दी राखिएकाहरूको यथाशिघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरू माथि लगाइएको मुद्दाहरू अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरू नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरू तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरूको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहने छ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चासमेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

**सम्झौतामा हस्ताक्षर गर्नेहरू**

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री
नेपाल सरकार
२०६४ फागुन १६ गते

## शान्ति, संविधान र संयुक्त सरकार सञ्चालनका लागि एकीकृत नेकपा माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सहमति

संविधानसभा व्यवस्थापिका संसद्मा नयाँ प्रधानमन्त्री चयनका लागि २०६८ भदौ ११ गते हुने निर्वाचनमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सम्बद्ध दलहरूले एकीकृत माओवादीका तर्फबाट उम्मेदवार रहनुभएका माननीय डा. बाबुराम भट्टराईका पक्षमा मतदान गर्ने निर्णय गरेकोमा माओवादी पार्टीले यसलाई हार्दिकताका साथ स्वागत गरेको छ ।

मुलुकको विद्यमान मुख्य विषय नै शान्ति प्रक्रियालाई विस्तृत शान्तिसम्झौताको मर्मअनुसार सार्थक निष्कर्षमा पुऱ्याउनु र राष्ट्रिय सहमतिका आधारमा राज्यको रूपान्तरणसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान, संविधानसभाबाटै निर्माण गर्नु रहेकोमा हामी दुवै पक्षबीच सहमति कायम भएको छ :

१. माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे : नयाँ सरकारको सेनाको लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे नयाँ सरकारको प्रथम कार्यभार शान्तिप्रक्रिया पूरा गर्नु र नयाँ संविधान निर्माण गर्नु हो । यस सन्दर्भमा गत भदौ ८ मा एकीकृत माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा सकारात्मक रूपमा परिमार्जन गरिनेछ । यसबारे हाल राजनीतिक सहमति हुन नसकेको मुख्य विषय: (१) निश्चित एकाइमा समायोजन गर्ने भनिएको (२) कुन तहसम्मका लडाकु कमान्डरहरूको समायोजन हुने (३) समायोजित हुने यस्ता सम्भाव्य कमान्डरहरूको समायोजित हुने निकायमा तह निर्धारण (४) समायोजित हुने लडाकु संख्यालाई सात हजारसम्म निर्धारण गर्न प्रयत्न गर्ने (५) समायोजित सेनाको जिम्मेवारी जिम्मेवारी निर्धारण (६) पुनर्स्थापनाका प्याकेज र (७) वर्गीकरणपछि लडाकु, हतियार, कन्टेनरको हस्तान्तरणजस्ता विषयलाई थप स्पष्ट गरी आवश्यक परिमार्जन गरिनेछ । माओवादी सेनाका लडाकुहरूको समायोजनसम्बन्धि सबै निर्णय संविधानमा व्यवस्था भएको विशेष समितिबाट नै गरिनेछ ।

२. शान्तिप्रक्रियाका बाँकी कामहरूबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा (माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभार सम्पादन गर्ने सन्दर्भमा कुनै पनि रूपमा कसैलाई पनि उसको कानुनअनुसार स्वामित्वको सम्पत्तिबाट बेदखल गरिनेछैन । माओवादी युद्धकाल, जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन र अन्य समुदायद्वारा न्यायोचित मागका लागि भएका आन्दोलनहरूका दौरानमा राज्यद्वारा पीडित भएकाहरूलाई विशेष राहतको व्यवस्था गर्ने । माओवादी युद्धकाल, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन, दलित आन्दोलन, पिछडा वर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनका दौरान लगाइएका मुद्दाहरूसमेत खारेज गर्ने र माफी दिने प्रक्रिया थालिनेछ ।

३. संविधानबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा(माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभारहरू सम्पादन गर्ने र नयाँ संविधानमा लोकतन्त्रको विश्वव्यापी मान्यताअनुरूप आधारभूत मानवअधिकार, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता, संवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेसस्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, स्वायत्त प्रदेश र आत्मनिर्णयको अधिकारसहितको संघीय शासनप्रणाली नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, आवधिक निर्वाचन, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा मुलुकको एकात्मवादी राज्यव्यवस्थामा अग्रगामी परिवर्तनजस्ता विषयहरूलाई संविधानको आधारभूत संरचनाका रूपमा राखिनेछ । संविधानसभा राज्यको पुनसंरचना समितिद्वारा प्रतिवेदन प्रस्तुत भै संविधानसभाको क्षेत्राधिकारभित्र प्रवेश भैसकेको विषय अब अन्तरिम संविधानमा व्यवस्था रहेको राज्य पुनसंरचना आयोग गठनको औचित्य छैन तर राजनीतिक पक्षहरूको समितिका निकासका अन्य मार्गहरू खोज्ने कुरामा हाम्रो सहमति छ ।

४. साझा सहमतिका अन्य महत्वपूर्ण विषयहरू :

४.१ सार्वजनिक सेवालाई समावेशीकरण गर्न यसअघिको विधेयकलाई मधेशी, जनजाति, थारू, मुसलमान, दलित, महिला र अन्य हकदार समुदायहरूको मागलाई ध्यानमा राखी परिमार्जन गरिनेछ । यसरी परिमार्जन विधेयकलाई सरकार गठन भएको १५ दिनभित्र पारित गर्नका लागि व्यवस्थापिका संसद्मा प्रस्तुत गरिनेछ ।

४.२ नेपालको अन्तरिम संविधान २०६३ को भाग २० मा उल्लिखित व्यवस्था र नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको आठ सूत्रीय सम्झौताअनुसार नेपाली सेनाको लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्ने विषयमा प्रतिबद्ध छौं । यसका लागि नेपाली सेनामा अलग एकाइका रूपमा मधेशी समुदायको पहिचान स्थापित गर्दै १० हजारको संख्याबाट भर्ना माग गरिएको सन्दर्भमा हाल निश्चित संख्याको भर्नाबाट समावेशीकरणको तत्काल प्रक्रिया थालिनेछ ।

४.३ लामो समयदेखि रिक्त रहेका विभिन्न संवैधानिक र कुटनीतिक अन्य महत्वपूर्ण पदहरू तत्काल पूर्ति गरिनेछ । यससम्बन्धमा नेपाल सरकारले सरकार गठनको १५ दिनभित्र विधिवत् प्रस्ताव सम्बन्धित निकायमा निर्णयका लागि पेस गर्नेछ ।

४.४ चालु आवको वार्षिक बजेट परिमार्जन गरिनेछ । यस सन्दर्भमा बजेट सुधारका लागि तत्कालीन सरकारले व्यक्त गरेको वचनबद्धता र संसद्मा उठेका मधेशी दलहरूका मागहरूलाई ध्यान दिइनेछ ।

४.५ नेपालका दुवै छिमेकी मित्रराष्ट्रहरूसँगको सम्बन्धमा सुधारमा उच्च प्राथमिकता दिइनेछ । नेपाल र सम्बन्धित मित्रराष्ट्रहरूसँगको दुईपक्षीय सम्मान र हितलाई ध्यानमा राखेर सहमति हुन प्रस्तावित विषयलाई समाधान गरिनेछ ।

४.६ तराई मधेशको सुरक्षा अवस्था सुधारका लागि जनउत्तरदायी सुरक्षा कार्यक्रम ल्याइनेछ । हातहतियारसम्बन्धि ऐन परिमार्जन गरी अर्धन्यायिक निकायबाट हुने कानुनको दुरूपयोग रोकिनेछ ।

४.७ राष्ट्रिय पोसाकका सम्बन्धमा हाल उत्पन्न विवाद समाप्त गर्न मधेशी, आदिवासी जनजाति, थारू, मुसलमान लगायतका समुदायहरूको भावनाविपरीत यसअघिका सरकारबाट भएको त्रुटिपूर्ण निर्णय रद्द गरिनेछ ।

४.८ नेपाली जनता अहिले जनजिविकाका समस्याबाट आक्रान्त छन् । यसबाट जनतालाई राहत दिन नयाँ गठन हुने सरकार, तत्काल नै प्रभावकारी, जनकल्याणकारी विशेष जनता राहत कार्यक्रम ल्याउने विषयमा प्रतिबद्ध छ ।

अन्त्यमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धताअनुसार अन्य विषयको कार्यान्वयन उदाहरणिय रूपमा तथा आमअपेक्षाअनुसार गरिनेछ । माओवादी र मोर्चाको सम्बद्ध दलहरूको नयाँ गठन हुने सरकारले स्विकारेका प्रतिबद्धता, स्विकारिएकै समयवधिमा सम्पन्न गरेर उक्त सरकारमा नै अन्य मुख्य दलहरूलाई सरिक गराउँदै शान्ति तथा संविधान हासिल गरी राष्ट्रलाई नयाँ संविधानअनुसारको सरकार हस्तान्तरण गर्ने ऐतिहासिक दायित्व पूरा गर्नसक्ने विश्वास लिएका छौं ।

**माओवादीका तर्फबाट**
पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष- एकीकृत नेकपा माओवादी

**संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट**
विजयकुमार गच्छदार
अध्यक्ष- मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)

महन्थ ठाकुर
अध्यक्ष- तराई-मधेश लोकतान्त्रिक पार्टी

राजेन्द्र महतो
अध्यक्ष- सद्भावना पाटी

जयप्रकाश गुप्ता
अध्यक्ष- मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)

महेन्द्रप्रसाद यादव
अध्यक्ष- तराई मधेश लोकतान्त्रिक पार्टी (नेपाल)

# झलनाथ खनाल नेतृत्वको सरकारमा जान गरिएको सहमति

**सहमति-पत्र**

आज मिति २०६७ साल चैत ९ गते हामी मुलुकमा तीन प्रमुख दलहरू शान्ति प्रक्रियाको पूर्णता, संविधानसभाबाट नयाँ संविधानको निर्माण, तराई मधेशका समस्याहरूको सम्बोधन र सत्ता साझेदारी अन्तर्गत राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्ने सम्बन्धमा निम्न विषहरूमा सहमत भएका छौं :

१) तराई/मधेशको सम्बन्धमा

-२०६४ भदौ १३ गते मधेशी जनअधिकार फोरम नेपाल र २०६४ फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारबीच भएका सम्झौताको कार्यावन्यन गर्न बाँकी रहेका विषयहरू कार्यावन्यन गरिनेछ ।

-नेपालको सर्वभौमसत्ता, एकता एवम् भौगोलिक अखण्डतालाई अक्षुण राख्दै आत्मनिर्णयको अधिकारसहित स्वायत्त मधेश प्रदेशलगायत सबै प्रदेशहरूको स्थापनासम्बन्धी निर्णय संविधानसभाबाट गरिनेछ ।

-समानुपातिक-समावेशी विधेयकलाई यथाशीघ्र पारित गराइनेछ ।

-तराई-मधेश क्षेत्रलाई मरूभूमिकरण हुनबाट रोक्न वन विनास रोकिनेछ । चुरे क्षेत्रमा वन लगाउने काम गरिनेछ तथा गिट्टी, बालुवा, ढुङ्गा, झिक्ने र निर्यात गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

-तराई-मधेश लगायत सबैतिरको वन जंगललगायतका प्राकृतिक सम्पदाहरूको संरक्षण, संबर्द्धन र उपयोग सबै जनतालपे गर्न पाउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

-नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कामलाई सरल र सहज बनाउने व्यवस्था गरिनेछ ।

- वैज्ञानिक भू-उपयोग नीतिलाई लागु गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- मुस्लिम आयोग गठन गरिनेछ ।

२) संविधान निर्माणको सम्बन्धमा

-समावेशी चरित्रको संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान संविधानसभाबाटै समयमै निर्माण गरी जारी गरिसक्नु पर्दछ ।

-संविधानमा विश्वव्यापी मान्यताअनुरूप आधारभुत मानवअधिकार, जनतामा निहीत सार्वभौमसत्ता र राजकीयसत्ता, सवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेस स्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, नागरिक स्वतन्त्रता, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा अग्रगामी परिवर्तनजस्ता लोकतान्त्रिक मुल्य र मान्यताहरूलाई नयाँ संविधानका आधारभूत संरचनाको रूपमा राखिनेछ ।

३) शान्ति प्रक्रियाको सम्बन्धमा

-मधेशीलगायत सबै समुदायका जनतालाई समानुपातिक-समावेशी सिद्धान्तका आधारमा नेपाली सेनामा भर्तीको लागि आवश्यक व्यवस्था गरिनेछ ।

-विस्तृत शान्ति सम्झौता र विगतमा भएका सहमतिहरूको आधारमा शान्ति प्रक्रियालाई यथाशीघ्र पूर्णता दिइनेछ ।

-तराई/मधेशलगायत देशमा विभिन्न भागमा संघर्षरत रहेका राजनीतिक समूहहरूसित वार्ता गरी राष्ट्रिय राजनीतिको मूल धारमा ल्याउन प्रयत्न गरिनेछ ।

-मुलुकमा बढिरहेको हिंसा, हत्या तथा अपराधीकरण र दण्डहीनताको स्थितिलाई अन्त्य गर्न ठोस योजना र कार्यक्रम तयार गरी कार्यावन्यन गरिनेछ ।

-नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरी लागु गरिनेछ ।

४) सत्ता साझेदारीको सम्बन्धमा

-वर्तमान सरकारमा सहभागी भई शान्ति र संविधानको कामलाई पूर्णता दिन व्यवस्थापिका-संसदमा रहेका सबै दलहरूलाई आह्वान गर्ने कामलाई निरन्तरता दिइनेछ ।

- सरकार संचालनका लागि साझा सहमतिको न्यूनतम कार्यक्रम (ऋउ) र आचारसंहिता बनाई लागु गरिनेछ ।

- सरकारको काममा समन्वय गर्न सरकारमा संलग्न राजनैतिक दलहरूको उच्चस्तरीय राजनैतिक संयन्त्र निर्माण गरिनेछ ।

- मन्त्रालयहरूको बाँडफाँट पारस्परिक सहमतिका आधारमा गरिनेछ ।

*मिति : २०६७।१२।९*

| (उपेन्द्र यादव) | (झलनाथ खनाल) | (पुष्पकमल दाहाल प्रचण्ड) |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| मजफो, नेपाल | नेकपा(एमाले) | एनेकपा माओवादी |

## उपेन्द्र यादव सम्मिलित संघीय लोकतान्त्रिक मधेशी मोर्चा र उच्चस्तरीय राजनीतिक समितिबीच भएको छबुँदे सहमति

१) मंसिर ४ मै निर्वाचन गर्न प्रतिबद्ध रहने ।
२) प्रत्यक्षतर्फ सिट संख्या २ सय ४०, समानुपातिकतर्फ ३ सय ३५ र मन्त्रिपरिषद्ले १० जना मनोनीत गरी ५ सय ८५ सदस्यीय बनाउने ।
३) मतदाता नामावली अद्यावधिक गर्न दुई साता म्याद थपका लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।
४) संविधानका आधारभूत सिद्धानतबारे सहमति कायम गर्ने कार्यअघि बढाउने ।
५) राजनीतिक समिति विस्तार गरी मोर्चा र निर्वाचनमा आउने अन्य महत्वपूर्ण दललाई सहभागी गराउने ।
६) उच्चस्तरीय राजनीतिक समिति र मोर्चा धाँधलीरहित चुनाव गराउन प्रतिबद्ध रहने ।

मिति : २०७० साउन ३१ गते

# पहिचानका लागि देशभरका थारूहरू एक हुन सांसद भगबती चौधरीको आब्हान

सुनसरी । नेकपा (एमाले) की नेतृ सांसद भगबती चौधरीले थारू समुदायको बृहत्तर हक अधिकार र उत्थानका लागि देशभरका थारू समुदाय एकजुट हुनु पर्ने बताएकी छन् । थारु कल्याणकारी सभाले समस्त थारू समुदायको वकालत गर्न र सक्षम नेतृत्व बनाउन लाग्नु पर्नुपर्ने बताउँदै चौधरीले पुरानो संस्था भएपनि कमजोर रहेकोमा चिन्ता व्यक्त गरिन् ।

सुनसरीको गढी गाउँपालिकामा थारू कल्याणकारिणी संस्था सुनसरीको ९ औं जिल्ला अधिवेशनमा बोल्दै थारू अगुवा नेतृ समेत रहेकी चौधरीले थारू कल्याणकारी संस्था स्थापना भएको ७५ वर्ष भइसक्दा पनि समय अनुसार चल्न नसकेको बताउँदै समग्र थारूहरूको विकास, उत्थानका लागि अब समय अनुसार थारूको पहिचान जोगाउँदै प्रविधियुक्त बन्नुपर्ने बताइन् । थारू समुदायलाई राज्यका सबै अङ्गहरूमा पहुँच स्थापित गर्न र योग्य नेतृत्व पहिचान गरी अगाडी बढाउन थाकसले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै सांसद चौधरीले राजनीतिमा पनि थारूहरूको उपस्थिति बढाउँदै लैजानुपर्नेमा जोड दिइन् ।

'थाकसको पहिलो दायित्व भनेको आफ्नो भाषा, संस्कार, संस्कृति र पहिचानको संरक्षण गर्नु हो । दोश्रो राजनीतिक, आर्थिक र सामाजिक रूपमा थारूहरू लाई सक्षम र योग्य बनाउनु हो । यस कार्यमा थाकस देशभर प्रभावकारी रूपमा अगाडी बढ्नु अपरिहार्य छ ।' उनले भनिन् ।

नेपाली काङ्ग्रेस, नेकपा एमाले जस्ता राजनीतिक दलहरूसँगै स्थापना भएको संस्थाले थारू समुदायमा सक्षम नेतृत्व बनाउने सवालमा काम गर्नुपर्ने बताउँदै चौधरीले राज्य सत्तामा थारू समुदायको उपस्थिति बढाउन सकेमात्र थारू समुदायको हक अधिकार सुनिश्चित हुने जिकीर गरिन् ।

उनले संविधानमा थारूहरूको छुट्टै अधिकार सुनिश्चित गरेको जनाउँदै थारूहरूको विकास, उत्थानका लागि थारू आयोग, लोक सेवा आयोग जस्ता स्थानमा थारूहरूको सहभागीता सुनिश्चित गरेको भएपनि थारू जातिहरूको सहभागीता र उपस्थिति कमजोर रहेकोमा थाकसले राजनीतिक, सामाजिक, सांस्कृतिक रूपमा नेतृत्व जन्माउन लाग्नुपर्ने बताइन् ।

चौधरीले सामाजिक संस्थाभित्र अनावश्यक रूपमा राजनीतिकरण हुनु दुखःद भएको बताउँदै सकिन्छ भने एमाले, कांग्रेस जस्तै देश विदेशसम्म संगठन बनाएर राजनीतिमा थाकस उत्रनु पर्नेमा जोड दिइन् । थारू समुदायभित्रको गुटबन्दि र राजनीतिले कसैको हित नगर्ने बताउँदै चौधरीले भनिन् । 'अहिले म देख्छु यो विशुद्ध संस्थामा राजनीतिकरण भएको छ । सक्छौं भने हे थारु अगुवा आउँ खुलेर राजनीति गरौं सक्दैनौ भने यो संस्थालाइ कतैबाट दाग लाग्ने नबनाउँ, विरूद्ध रूपमा पहिचान, संस्कार, संस्कृतिको विकासमा लागौं ।'

थाकसको नयाँ कार्य समिति एउटा असल लिडर थारुहरुको पहिचान बोक्ने समितिको चयन होस् भन्दै शुभकामना दिँदै चौधरीले जुनसुकै दल र पार्टीको नेतृत्व आएपनि त्यसले संस्थालाई सबैको साझा संस्थाका रूपमा नेतृत्व गरेर लैजानु पर्नेमा जोड दिइन् । आदिबासी, जनजाति समुदायको विकास, राजनीतिक, सामाजिक नेतृत्व विकास गरेर अगाडी बढे देश र समाजको विकास हुने भन्दै चौधरीले पूर्वमेचिदेखि पश्चिम महाकाली सम्मका थारूहरू एकजुट हुनुपर्नेमा जोड दिइन् ।

## शिव शनि...

समितिले भेटी लैजाने गरे पनि धामको विकासमा चासो देखाउने गरेको छैन । शिव शनि धाम समितिका सदस्यहरु अझै पनि त्यस क्षेत्रको विकासका लागि पहल गर्दै आएका छन् । शिव शनि धाम भविष्यको एक महत्वपूर्ण धार्मिक गन्तव्य हो । धाममा धार्मिक पर्यटकको वृद्धिका लागि अहिले हुँदै गरेको पूर्वाधार विकासको कार्यलाई निरन्तरता दिनाले धार्मिक पर्यटकहरु बढ्दै जाने र धार्मिक पर्यटक बढ्दै जानाले आसपासको क्षेत्रको आर्थिक विकासमा ठूलो टेवा पुग्ने देखिन्छ । यस क्षेत्रको पूर्वाधारको विकासमा पूर्व-पश्चिम राजमार्ग तथा रुपनी-राजविराज सहायक मार्गको त ठूलो योगदान रहने नै छ त्यसमा विरेन्द्र बजार-तेरहौता-राजविराज-फकिरा हुँदै भारतीय सीमासम्म बन्ने सडकले समेत ठूलो सहयोग गर्ने देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहयोगमा डिभिजन सडक कार्यालय लहानको रेखदेखमा ११ करोडभन्दा बढीको लागतमा सो सडक बन्दै गरेको छ । उक्त सडक निर्माण भएपछि राजविराजबाट १० कि.मि. टाढा रहेको पूर्व-पश्चिम राजमार्गसँगको दूरी घटेर ६ कि.मि.मा पुग्ने बताइन्छ ।

सूचना प्रविधिको विकासले धार्मिक जागरुकतामा समेत सहयोग पुऱ्याएको छ । भगवान शिवको महिमाबाट मानिसहरु पहिले देखि नै परिचित छन् । पछिल्लो समयमा नवग्रहमध्येका एक देवता शनिदेव (शनिग्रह) को उपासनाको आधार र कारणबारे पनि परिचित हुन थालेका छन् । शनिदेवद्वारा नै हाम्रो सांसारिक जीवनको कार्यक्षेत्र वा कर्मजीवन सञ्चालित भएको मानिन्छ । मानिसको जन्मकुण्डलीको दशमभावलाई कर्म, पिता र राज्यपक्षको प्रतीक मानिन्छ भने एकादशभावलाई आय र राज्यसुखको भाव मानिन्छ । त्यसैले कर्म, सत्ता र आयको प्रतिनिधि ग्रह भएका कारणले जन्मकुण्डलीमा शनिको स्थान महत्त्वपूर्ण मानिन्छ । शनिदेवलाई न्यायको देवता मानिन्छ । शनिदेवले राम्रो काम गर्नेलाई राम्रो र नराम्रो काम गर्नेका लागि नराम्रो फल दिन्छन् । दोषपूर्ण कर्मका कारण मानिसको जीवनमा शनिदोष प्रत्यक्ष हुन्छ । शनिदोष भएका व्यक्तिले शनिदेवको उपासना गरी आफ्नो जीवनलाई दोषरहित बनाउन सक्छन् । शनिदेवको पूजा पश्चात भगवान हनुमानको पूजा गर्ने चलन छ । जुवा खेल्ने, सट्टेबाजी गर्ने, रक्सी पिउने, ब्याज दिने, व्यभिचार गर्ने, अप्राकृतिक यौन सम्बन्ध राख्ने, झुट्टा गवाही दिने, निर्दोष मानिसलाई यातना दिने, माता, पिता र गुरुको अपमान जस्ता कार्य गर्नाले शनिदोष उत्पन्न हुन्छ । शनिदोष भएका व्यक्तिले जीवनमा दु:ख, कष्ट, क्षति, विफलता आदिको सामना गर्नुपर्छ । त्यसैले आम मानिस शनिदेवसँग भयभित रहन्छन् । तर जागरुक मानिस शनिदेव प्रति श्रद्धा र विश्वास राखेर उनको उपासना गरेर आफ्नो नराम्रा कर्मप्रति प्रायश्चित गरेर दोषमुक्त भएपछि शनिदेवको कृपा प्राप्त गर्छन् । जीवन दु:ख, कष्ट, पीडा, विफलताबाट मुक्त हुन्छ ।

पुराणहरुमा शनि ग्रहप्रति अनेक आख्यान देखिन्छन् । शनिदेवलाई सूर्यपुत्र एवं कर्मफल दाता मानिन्छ । शनिलाई पितृ शत्रु पनि भनिन्छ । शनि ग्रहको विषयमा अनेक भ्रम फैलिएको छ । शनिलाई मारक, अशुभ र दुखकारक मान्नेहरु छन् । तर शनि मारक, अशुभ र दु:खकारक होइनन् । शनिदेव शत्रु होइनन्, मित्र हुन् । मोक्ष प्रदान गर्ने एक मात्र शनि ग्रह नै हो । शनिले प्रकृतिमा सन्तुलन उत्पन्न गर्दछ । प्रत्येक प्राणीका साथ उचित न्याय गर्दछ । जसले अनुचित, विषमता र अस्वाभाविकतालाई आश्रय दिन्छ, शनि केवल उसैले दण्डिंत ( प्रताडित) गर्दछ । जसले जीवनमा सद्कर्म गर्दछ, उसलाई शनिले शुभ योग प्रदान गर्दछ ।

नवग्रहहरुको कक्ष क्रममा शनि सूर्यदेखि ८८ करोड ६१ लाख माइल दूरीमा पर्दछ । पृथ्वीदेखि शनिग्रहको दूरी ७१ करोड ३१ लाख ४३ हजार माइल छ । शनि ग्रहको व्यास ७५ हजार १०० माइल छ । शनिग्रह ६ माइल प्रति सेकेण्डको गतिबाट साढे २१ वर्षमां आफ्नो कक्षामा सूर्यको परिक्रमा पूरा गर्दछ । शनिग्रहको सतहको तापमान २४० फ़ोरनहाइट छ । शनिग्रहको चारैतिर सातवटा वलय (ग्यासका घेरा) छन् । शनिग्रहको १५ वटा चन्द्रमा छ, जसको प्रत्येकको व्यास पृथ्वीभन्दा निकै बढी छ । शनिदेव भगवान कि ग्रह भन्ने विषयमा प्रत्येक मानिस भ्रमित रहन्छन् । शनि मूल रुपमा ग्रह नै हो, जसलाई हामी भगवान मान्दछौं । जसरी सूर्यलाई पनि हामी भगवान मान्दछौं तर भगवान हो कि तारा हो भन्ने विषयमा भ्रमित हुँदैनौं । त्यसैगरी शनिदेव (ग्रह) मा पनि भ्रमित हुनु गलत हो । ब्रह्मा मुरारी त्रिपुरान्तकारी भानु शशि भूमिसुतो बुधश्च । गुरुश्च शुक्र शनि राहुकेतव: कुर्वन्तु सर्वे मम सुप्रभातम् ॥ भनेर नवग्रहकै पूजा गरिन्छ । नवग्रहमा सूर्य, बुध, शुक्र, पृथ्वी, चन्द्रमा, मंगल, गुरु, राहु, केतु पर्दछन् । चन्द्रमा, राहु र केतुलाई ग्रहको वैज्ञानिक परिभाषा अनुसार ग्रह मानिदैन । तर यहाँनिर के बुझ्न योग्य कुरा छ भने मानिसको जीवनमा चन्द्रमा, राहु र केतुको पनि विशेष प्रभाव पर्दछ । तसर्थ तिनलाई पनि ग्रहकै श्रेणीमा राखी मानिसको जीवनमा आरोह अवरोहको विचार गरिन्छ । मानिसले मानिसकै आकृति वा स्वरुपमा देवी देवताको कल्पना गरेर उपासना गर्न थालेका कारण यस प्रकारको भ्रम उत्पन्न हुने गरेको हो । सनातन धर्मको यो विशेषता हो कि उसले सम्पूर्ण प्रकृतिलाई समग्रमा र प्रकृतिका हिस्साहरुलाई अंशको रुपमा पृथक पृथक अस्तित्व स्वीकार गर्दछ र उसको विशिष्ट स्वभावको आधारमा उसको उपासना गर्दछ ।

दश वर्षअघि विराटनगरमा मात्र शनि मंदिर रहेको देखिन्थ्यो । तर अहिले ठाउँ ठाउँमा शनि मंदिर निर्माण हुन थालेको पाइन्छ । राजविराजमा मात्र तीन स्थानमा शनि मंदिर छन् । सखडाको छिन्नमस्ता मंदिर परिसरमा पनि शनि मंदिर निर्माण गरिएको छ । लोहजारा, बेल्हीचपेनामा पनि शनि मंदिर निर्माण गरिएको छ । शिव शनि धाममा शनिको प्रतिमा त स्थापित छ तर व्यवस्थित छैन । सरोकारवालाले शनिदेवको प्रतिमाको उचित व्यवस्था मिलाउनु आवश्यक छ । शिव शनि धाम समिति र वन उपभोक्ता समितिको बीचको विवादले पनि धामको विकासमा अवरोध पैदा गरेको छ । सामुदायिक वन उपभोक्ता समितिको वनजन्य सम्पत्तिमा अधिकारको सीमा छ, उसको अधिकारको सीमा असीमित छैन । धाममा भक्तजनद्वारा चढाइने भेटी धामकै विकासको स्रोत पुँजी हो । रुपनी गाउँ पालिकाले शिव शनि धामको विषयमा उपयुक्त व्यवस्था गर्नु आवश्यक छ ।

शिव शनि धाम प्राकृतिक रुपमा नै धरतीको अद्वितीय अंश हो । कैलाश सदृश्य चुरिया पर्वतको यो शृंखला वानस्पतिक विज्ञानको दृष्टिले पनि महत्वपूर्ण छ । चुरिया वनको यस क्षेत्रमा धार्मिक महत्त्वको वृक्षहरुको उपस्थिति पर्यटनको नौलो विषय बन्न सक्दछ । पूर्व-पश्चिम राजमार्ग ( बिरेन्द्रबजार) र आसपासमा होल्टेज इनफ्रास्टकचर बन्ने हो भने त्यसै पूर्वाधारका कारणले पनि यस धाममा पर्यटक बढेर जानेछ । त्यहाँ पुग्ने पर्यटकका लागि पनि केही पूर्वाधार आवश्यक छन् । धाम वरपर सरसफाइको समस्या छ । राजमार्गदेखि जुन स्तरको सडक र पुलको निर्माण हुँदैछ, त्यसले ठूलै आकारमा पर्यटक भित्र्याउने देखिन्छ । पर्यटन क्षेत्रमा स्थानीय तहलाई प्राप्त हुने शुल्कहरुको विद्यमानता भए पनि स्थानीय तहले शुल्क दस्तुर संकलनमा चासो नलिएकोले स्थानीय जनताको भाग्यको रकम हराइरहेको देखिन्छ । एकातिर यी कुराहरु छन् भने अर्कोतिर शिव शनि धामको जरोमा रहेको सरकारी वन कार्यालय, सामुदायिक वन उपभोक्ता समिति तथा शिव शनि धाम नामको समाजसेवी संस्थाको बीचमा असमन्वय र पुजारीलाई धामबाट भगाउने नियतले टहरा भत्काएको घटनाको पृष्ठभूमिमा रहेको परस्पर विवाद र द्वन्द्व र त्यस द्वन्द्व सरकारी अड्डाले तटस्थतापूर्वक खेल्नुपर्ने भूमिकाको सट्टा वन उपभोक्ता समितिसँग मिलेर पुजारीको घर नै भत्काउने कारबाही गरेको देखिन्छ । शम्भुनाथ सबडिविजन वन कार्यालय, रुपनीले यसलाई गम्भीरतापूर्वक हेर्नुपर्ने हुन्छ । मुख्य कुरा स्थानीय तहले कार्यपालिका स्तरबाट आर्थिक व्यवस्थापनको लागि समिति गठित गरी दिएमा विवाद पनि समाधान हुने र सरोकारवाला निकाय, संस्था, समुदायले पनि आआफ्नो सीमामा रहेर शिव शनि धामको विकास सहज हुनेछ । रुपनी गाउँपालिकाले शिव शनि धामको हालसम्मको भेटी चढौवाको पनि छानबिन गर्नुपर्छ र को कसको जिम्मामा छ, त्यसको खोजविन गरी असुली गरी संचित कोषमा आमदानी बाँध्नुपर्छ । साथै रुपनी गाउँपालिकाले शिव शनि धामको सुरक्षा, संरक्षण, व्यवस्थापन र पुजारीको सुनिश्चितता तथा सेवा सुविधाको पनि व्यवस्था गर्नु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(२)ख(२) ले धार्मिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । त्यस्तै वन उपभोक्ता समितिको अधिकार धार्मिक सम्पदामा छैन । त्यस्तै सामाजिक संस्थाको कार्य धामको प्रचार प्रसार, विकासको लागि पहल र श्रमदान, स्वयंसेवाजस्ता कार्य हुन् । यसरी सबै पक्षले आआफ्नो दायित्व, कर्तव्य र अधिकारलाई खुट्याउने हो भने विवादको नामोनिशान रहँदैन ।

*(लेखक इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्नुहुन्छ ।)*

## ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी व्यवस्था खारेजको माग गर्दै आजपाद्धारा भन्सार विभाग घेराउ

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम सम्पर्क मञ्चले 'भन्सार नियमावलीबाट ४५ प्रतिशत कथित पुरस्कारको लुटकारी ब्यवस्था खारेजी' गर्नुपर्ने माग गर्दै आज काठमाडौंको त्रिपुरेश्वरमा रहेको भन्सार विभागमा धर्ना तथा घेराउ गरेको छ ।

आम सम्पर्क मञ्चको शनिबार सम्पन्न राष्ट्रिय भेलाले सरकारको विभेदक़ारी एवं लुटकारी राजस्व नीतिको बिरुद्ध आइतबार (पुस १ गते) देखि भन्सार विभागमा धर्ना तथा घेराउ गर्ने निर्णय गरेको थियो । सो भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सुराकीका नाममा भन्सार कार्यालयले दिने गरेको ४५ प्रतिशत कमिसनको व्यवस्था भन्सार नियमावलीबाट हटाउनु पर्ने बताएका थिए । भन्सार कानुनमा रहेको ४५ प्रतिशत कमिसनको प्रावधान खारेजका लागि आजपाले आन्दोलन गर्दै आएको छ । भन्सार कानुनमा रहेको ४५ प्रतिशत सुराकी तथा कमिसनको लुटकारी व्यवस्थाका कारण हजारौं सर्वसाधारण अन्यायमा परिरहेको उल्लेख गर्दै यो व्यवस्था तत्काल हटाउन साहले आन्दोलनको विकल्प नभएको बताएका थिए ।

आजपाले गत ३१ भदौमा भन्सार विभागका महानिर्देशक मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएर शुरू गरेको संघर्षको पहिलो चरण अंतर्रगत गत ३ असोजमा पत्रकार सम्मेलन, १८ असोजमा नियमावलीको गलत प्रवाधान जलाईएको, १९ असोजमा तराई - मधेशका जिल्लाहरूको भन्सार कार्यालय घेराउ र असोज २१-२६ गतेसम्म भन्सार विभागमा धर्ना कार्यक्रम गरेको थियो । तर सरकारले आफ्नो मागको कूनै सुनवाई नगरेपछि बाध्य भएर पुन: थप संघर्षको कार्यक्रम अगाड़ी बढाउँनुपरेको आम सम्पर्क मञ्चका नवनिर्वाचित अध्यक्ष श्रीनारायण प्रसादले बताए ।

भन्सार नियमावलीबाट ४५ प्रतिशत पुरस्कारको ब्यवस्था खारेजीको मागसहित १ पुसदेखी भन्सार विभाग घेराउ तथा धर्ना दिने निर्णय अनुसार संघर्षका कार्यक्रम अगाडी बढेको र सरकारले आफूहरुको मागको सुनुवाई नगरी यसभन्दा थप कडा संघर्षका कार्यक्रम हुने आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले बताए ।

सरकारी वेतनभोगी कर्मचारीमार्फत् राजश्वमा हुने ४५ प्रतिशतको कमिसन व्यवस्था गलत भएकाले खारेज हुनुपर्ने उनीहरुको माग छ । विरोध कार्यक्रममा सहभागि आजपा स्थायी कमिटीका सदस्य बिल्टुप्रसाद यादवले भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था खारेजीको माग पूरा गर्नका निम्ति बाध्य बनाएर छोड्ने बताए । उनले तीन दिनमा सरकारले माग पूरा गर्न सकेन भने जिल्लाका भन्सार कार्यालय घेराउ गर्ने र आफूहरुको आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

यसैगरी आजपा केन्द्रीय सदस्य रञ्जुकुमारी साहले राज्यले नियमकानुन बनाएर आफैंले पालना नगरेकाले भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था खारेजी गर्नुपर्ने मागसहित आफूहरु आन्दोलनमा उत्रिएको बताइन् ।

'राज्यले नियमकानुन बनाएर भन्सारमा जुन आम नागरिकले ४५ प्रतिशत छुट पाउने भनेको छ, त्यो कर्मचारीहरुले पाइरहेका छन्, जनताले पाएका छैनन् । भन्सार छली नियन्त्रण गर्नुपर्छ सरकारले तर सरकार असफल हुने र कर्मचारी मोटाउँने लुटकारी व्यवस्था र कानून खारेज नभए आन्दोलनले कडा रुप लिन्छ । हामी छोडनेवाला छैनौं' केन्द्रीय सदस्य साहले भनिन् ।

भन्सार नियमावलीको परिच्छेद १० को दफा ४७, ४८, र ४९ मा गरिएको व्यवस्थाअनुसार कुनै चोरी निकासी वा पैठारीको माल समान पक्राउ गरी भन्सार कार्यालयमा बुझाउनेलाई ३० प्रतिशत र त्यसको सुराक दिनेलाई १५ प्रतिशत गरी कूल रकमको ४५ प्रतिशत रकम पुरस्कार स्वरूप व्यक्तिलाई दिने व्यवस्था छ ।

अर्थात् भन्सार छलीको माल सामानबाट प्राप्त रकमको झन्डै आधा ( ४५ प्रतिशत) पैसा व्यक्तिको निजी हुने व्यवस्था छ । तर कर्मचारीकै मिलोमतोमा सरकारको राजस्व घटने र कर्मचारी मोटाउँने यस्ता कानूनी बिषय हटाउनुपर्ने माग आन्दोलनकारीको छ ।

## समाजवादी किसान महासंघको राष्ट्रिय भेला सम्पन्न

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालसम्बद्ध समाजवादी किसान महासंघ, नेपाल केन्द्रीय समितिको राष्ट्रिय भेला सम्पन्न भएको छ ।

चितवनको सौराहामा आयोजित दुईदिने भेला मंगलबार सम्पन्न भएको हो । भेलाले सञ्जय सिंहको अध्यक्षतामा ५१ सदस्यीय केन्द्रीय समिति र १५ सदस्यीय कार्यसम्पादन समिति पुनर्गठन गरेको छ ।

कार्यसम्पादन समितिको सदस्यहरुमा गीता यादव, श्रीप्रसाद भगत, ओमकृष्ण श्रेष्ठ, तबरेज अहमद, उमेश्वर झा, ललिताकुमारी महतो, श्रवण यादव माथे, चिरिञ्जीवी ढकाल, श्याममाया राई, रुपेशकुमार कठरिया, रामकुमारी महर्जन, भारतीकुमारी शाह, शैलेन्द्र यादव र सोमबहादुर लामा रहेका छन् ।

राष्ट्रिय भेलाले संगठन विधानमा आवश्यक छलफल, संशोधन गर्नुका साथै संगठनको प्रगती विवरण समावेश गरिएको प्रतिवेदन प्रस्तुत गरेको थियो । राष्ट्रिय भेलाको प्रमुख अतिथि संघीय सरकारका बन तथा वातावरण मन्त्री वीरेन्द्रप्रसाद महतो रहेका थिए ।

# सप्तरीको मानव अधिकार अवस्था

सप्तरीमा २०२३ सम्म इन्सेकमा १६० घटना अभिलेख भएको छ। सन २०२२ मा ९०, सन २०२१ मा १०० र सन २०२० मा १३७ घटना अभिलेख भएको थियो।

सन २०२३ मा **१९** जनाको हत्याको अभिलेख छ। जसमा ७ महिला र २ बालक छन्। सबै घटना गैरराज्य पक्षबाट भएको हो। गत वर्ष १२ जनाको हत्या घटना अभिलेखित थियो। गैरराज्य पक्षबाट ६५, ६०, ६०, ५५, २६, ३५, २५, २०, २०, १८ वर्षीय **१०** पुरुषको हत्या घटना भएको छ। ती घटनामा छोरा, ससुराली घर बसेका ज्वाई, साथीसहित किटानी आरोपित १७ जना छन्। एक घटनाको मृतक र पहिचान खुलेको छैन्। आरोपितमा धरौटी २, थुनामा ७, पक्राउ पुर्जी ५, संरक्षक १, आंशिक सजाय पाउने १, फरार १ जना छन्। ती घटनामध्ये तिलाठी कोइलाडी-७ मन्सापुर बुढी इनारमा ०८० साउन १२ गते हत्या गरिएको अवस्थामा शव फेला परेको हनुमाननगर कंकालिनी -१० इनर्वाका १८ वर्षीय तिर्थनारायण मण्डलको घटनाको अनुसन्धान हुन सकेको छैन्। हनुमाननगर कंकालिनी -४ मधवापुरमा २०८० जेठ ८ गते २० वर्षीय अपरिचित एक युवकको घाँटी काटेर हत्या भएको घटनाको मृतक र आरोपितको पहिचान हुन सकेको छैन्। अन्य घटनाहरु हनुमाननगर कंकालिनी -७, बोदे बर्साइन -३ र ६, महादेवा-६, शम्भुनाथ-२, कञ्चनरुप-७ र १० तथा बलान बिहुल-२ मा भएको हो।

यसैगरी यो अवधिमा **७** महिलाको समेत हत्या भएको छ। चारओटा घटनामा आरोपित पति, एउटामा लिभिंग टुगेदरमा बसेका प्रेमी र २ ओटामा घटनामा छिमेकी गरी १४ जना आरोपित छन्। बलात्कार गरेर हत्या गरेको आरोप लागेका प्रेमी राजविराज-६ का ४२ वर्षीय शंकर शर्मालाई भदौ १० गते जन्मकैदको सजाय भएको छ। उनीमाथि बलान विहुल-५ रामनगर घर भई राजविराज-४ बजरंग चौकमा डेरा बसेकी ४१ वर्षीया महिलाको २०८० वैशाख २४ गते हत्या गरेको आरोप छ। अन्य ३ घटनाका आरोपित ३ जना पति पुर्पक्षका लागि थुनामा छन्। ८० र ७० वर्षीया बृद्धाहरुको हत्या आरोप लागेका छिमेकी २ जना पुर्पक्षका लागि धरौटीमा छुटेका छन् भने २ जना फरार छन्। अन्य मृतक महिलाको उमेर २० देखि ३८ वर्ष रहेको छ। रुपनी-२ पिपराहीकी २० वर्षीया सुनिता कुमारी रायको २०८० असार १३ गते उनका पति, सासु, ससुरा र छिमेकी ३ जना मिलेर हत्या गरेको आरोप लागेको छ। जिप्रकामा असार १९ गते झुण्डी ज्यानसम्बन्धी मृत्युमा निवेदन दर्ता भएको छ। सुनिताको साढे ४ महिना अघि मात्र ०७९ माघ २३ गते विवाह भएको थियो।

महिला हत्याको घटना राजविराज -४, सुरुङ्गा -७, शम्भुनाथ -५, महादेवा -२ छिन्नमस्ता -२ तथा रुपनी गाउँपालिकाको वडा नम्बर-२ र ३ मा भएको हो।

यसैगरी १७ वर्षीय बालकको खडक-११ बनौलीस्थित रामप्रकाश यादवले सञ्चालन गर्दै आएको कृषि फर्मको पोखरीमा तथा १५ वर्षीया बालिकाको अपहरण पछि भारतको दिल्ली लाजपत नगरमा लगेर हत्या गरेको **२** घटना पनि अभिलेखित गरिएको छ। खडक-११ बनौलीका १७ वर्षीय मो. अजिमुद्दिन २०८० भदौ २१ गतेदेखि बेपत्ता भएको उजुरी दिएपनि प्रहरीले खोजतलाश नगरेको गुनासो गर्न पत्रकार सम्मेलन राखेकै दिन असोज १३ गते अजिमुद्दिनको शव प्लाष्टिकको बोरामा हाली सिमेन्टको पोलमा बाँधी त्यसमाथी ट्याक्टरको फलामको रिमले थिचेर पोखरीमा लुकाएको अवस्थामा फेला पऱ्यो। उक्त घटनामा ४ जना आरोपित न्यायाधीश हरिश्चन्द्र इङ्गनामको इजलाशबाट कात्तिक १४ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। चार जना फरार छन भने १४ वर्षीया बालिका संरक्षकको जिम्मामा छिन्।

यो वर्ष आत्महत्या दुरुत्साहनका **५** घटनामा १८ देखि ३१ वर्षीया महिला पीडित भइन्। राजविराज-३, सुरुङ्गा-५ र १० तथा अग्नीसाइर कृष्णसवरण-४ र ५ मा उक्त घटना भयो। गत वर्ष आत्महत्या दुरुत्साहनका २ घटनामा १८ वर्षीया र २० वर्षीय युवा पीडित थिए। सन २०२१ मा दुरुत्साहनका ३ घटनामा २०, २४ र २८ वर्षीया ३ महिला पीडित थिइन्। अन्य वर्षको झै यो वर्ष पनि आरोपितहरूमा पति, ससुरा र प्रेमी गरी ७ जना रहेका छन्। जसमा आरोप लागेका २ जना पति पुर्पक्षका लागि थुनामा छन्। प्रेमी, ससुरा र पतिका प्रेमिका फरार छिन्। आरोपित १ जना पतिविरुद्धको अभियोग दावी नपुग्ने फैसला भएको छ भने ट्यूशन पढाउने अग्निसाइर कृष्णसवरन-४ टेङ्गग्रीका ३२ वर्षीय राधेश्याम मण्डललाई ०८० कात्तिक १६ गते २२ दिनको कैद सजाय भएको छ।

बालिका बलात्कारको **२१** घटनामा १४ देखि १८ वर्ष भित्रका छन् जसमा दुई जना अपाङ्गता र एक जना सुस्त मनोरोगी बालिका छिन्। गत वर्ष बलात्कारको १९ घटनामा ९ देखि १८ वर्ष भित्रका २१ जना बालिका पीडित भएकी थिइन्। त्यस अघि सन २०२१ मा बालिका बलात्कारको १६ घटनामा ५ र ६ देखि १८ वर्षभित्रका १७ जना पीडित भएकी थिइन् भने आरोपित १५ वर्षदेखि ७१ वर्षका २४ जना थिए। यस वर्ष कञ्चनरुप-२, ११ र १२, हकनपा-६, शम्भुनाथ-१ र ७, सप्तकोशी-६, सुरुङ्गा-७, डाक्नेश्वरी-१ र ३, बोदे बर्साइन-३ र ९ तथा खडक-२, ४, ७ र ८, अग्नीसाइर कृष्णसवरन-४, छिन्नमस्ता-३, महादेवा-१, रुपनी-२ र राजगढ-३ मा घटना भए। आरोपित १५ वर्षदेखि ५८ वर्षका ३१ जना छन्। जसमा पुर्पक्षका लागि थुनामा ११ जना, बालसुधार गृहमा २ जना, धरौटीमा १ जना र फरार १६ छन्। फैसला भएको एउटा मुद्दामा १६ वर्षीया बालिकासँग प्रेमविवाह गरेका सप्तकोशी-६ सहलेश टोलका १८ वर्ष १८ दिनका आरोपितलाई ०८० मङ्सिर ६ गते ३ वर्ष कैद सजाय भएको छ।

बालिका यौन दुरुपयोगको **२** घटनामा पीडित १४ र १५ वर्षीया छिन भने आरोपित २५ र ४२ वर्षका छन्। दुवै घटना सुरुङ्गा नगरपालिका ३ र ४ को हो। एउटा घटनामा आरोपित पुर्पक्षका लागि धरौटीमा छुटेका छन् भने अर्को घटनामा १ महिना ८ दिन कैद सजाय भएको छ। गत वर्ष बाल यौन दुरुपयोगको ६ घटनामा १३ देखि १७ वर्षका ७ बालिका पीडित भएकी थिइन् भने आरोपितमा १६, १७, २०, २१, २५, ३५ वर्ष उमेरका थिए। बालिका बलात्कार र यौन दुरुपयोगको अधिकांश घटना प्रेम र विहेको आश्वासन दिएर तथा प्रतिवाद गर्न नसक्ने बालापनको फाइदा उठाएर हुने गरेको देखिएको छ।

महिला बलात्कारका **१९** घटनामा १८ माथि ५५ वर्षसम्म पीडित छन्। गत वर्ष ७ घटनामा १८ माथि ४० वर्षसम्मका ७ पीडित थिइन्। गत वर्ष महिला बलात्कार घटनामा १९ देखि ४५ वर्ष उमेरका १० जना आरोपित थिए भने यो वर्ष १७ देखि ६० वर्षका २२ जना छन्। जसमा १४ जना फरार नै छन्। आरोपित २ जनाले सफाइ पाएका छन्। पुर्पक्षका लागि थुनामा ३ जना छन्। पुर्पक्षका लागि १ जना धरौटीमा रिहा भएका छन्। इलाका प्रहरी कार्यालय कञ्चनरुपको हिरासतमा बस्दा बलात्कार भएको भनी प्रहरी अधिकृतसहित २ जना विरुद्ध परेको उजुरी प्रहरीले अनुसन्धान गरी भ्रमपूर्ण उजुरी भन्दै भदौ ३१ गते तामेलीमा राखेको छ। सप्तरीमा तामेलीमा रहेको मुद्दा यो मात्र छ। घटना कञ्चनरुप-२, ५ र १०, सप्तकोशी-१, शम्भुनाथ-७ र ७, बोदे बर्साइन-६, सुरुङ्गा-३ र ९, खडक-५, डाक्नेश्वरी-५, खडक-६ र १०, महादेवा-२, रुपनी-६, छिन्नमस्ता-३, बलान बिहुल-४ मा भएको हो।

बलात्कार प्रयासमा **५** घटनामध्ये ३ घटनाको अभियोग दावी नपुग्ने फैसला भएको छ। २ ओटा घटनामा २ जना पुर्पक्षका लागि धरौटीमा रिहा भएका छन्। एउटा वैवाहिक बलात्कारको घटनामा ७५ हजार धरौटीमा पति रिहा भएका छन्।

सन २०२१ मा गर्भपतनको २ र २०२२ मा १ घटना अभिलेख रहेकोमा यो वर्ष पनि **२** घटना मात्र छ। आरोपित १ जना धरौटीमा र ३ जना जिम्माजमानीमा छुटेका छन्। यो अवधिमा कथित बोक्सी भन्दै अमानविय व्यवहारका **३** घटना अभिलेख छ। गत वर्ष २ घटना अभिलेख थियो। यस्तै अपहरणका **१**, यौन दुर्व्यवहारका **१**, मानव वेचविखनको **१**, अपमानजनक व्यवहारका **२** घटना अभिलेखित छ।

बहुविवाहको घटनामा निरन्तर बृद्धि भएको छ। सन २०२२ मा ९ र २०२३ मा १३ घटना अभिलेख भएकोमा यो वर्ष **१७** घटना अभिलेख छ। आरोपितमध्ये ५ महिला र ५ पुरुषलाई कैद, ३ जना महिला र ३ जना पुरुषलाई सफाई, ३ जना पुरुष पुर्पक्षका लागि थुनामा, १ जना महिला र १ जना पुरुष धरौटीमा, ७ जना महिला र ४ जना पुरुष फरार छन्। तिलाठी कोइलाडी-२ की ३० वर्षीया सुनिता कुमारी खंगले पति ३५ वर्षीय परमेश्वर खंग र तिरहुत -२ मैनाकडेरीकी २५ वर्षीया रञ्जना खंगविरुद्ध दिएको उजुरी दर्ता भएको छैन्।

बालविवाहको जम्मा **९** घटनामा ६ जनालाई कैद, ७ जना धरौटीमा रिहा, १ जना साधारण तारेखमा रिहा भए भने २ जनाले सफाई पाए र २ जना फरार छन्। २ ओटा बालविवाह रोकियो भने एउटामा कुनै कारवाही भएन्।

यो अवधिमा पत्रकार, मानव अधिकार रक्षक र सामाजिक अभियानकर्मीहरुमाथि राज्य र गैरराज्य पक्षबाट कुटपिट र दुर्व्यवहारका घटनाका कारण पत्रकारहरु स्थानीय प्रशासनविरुद्ध सडकमा प्रदर्शनमा उत्रिए। पत्रकार तथा इन्सेक प्रतिनिधिमाथि जिल्ला प्रहरी कार्यालयमा भएको कुटपिटविरुद्ध प्रहरीले उजुरी दर्ता गरेन। आन्तरिक कारवाही गर्दै प्रहरीले भदौ २८ गते आरोपितलाई २ वर्ष बढुवा रोक्का गर्ने निर्णय गऱ्यो। पत्रकार चन्दन यादवमाथि भएको दुर्व्यवहारमा प्रहरीले तत्कालै गल्ती स्विकार गऱ्यो। पत्रकार सौरभ यादवमाथि कुटपिट गर्ने आरोपितहरुले घटनाप्रति आत्मालोचना गर्दै आगामी दिनमा घटना नदोहोऱ्याउने प्रतिबद्धता गरे पछि भदौ ५ गते सहमती भई मिलापत्र भयो। पत्रकार संजिब विक्रम साहमाथि डाक्नेश्वरी-५ मा भएको हातपात र अभद्र व्यवहारका आरोपितहरुलाई कात्तिक २ गते प्रहरीले नियन्त्रणमा लिएर कात्तिक ३ गते छाड्यो। रुपनी-१ का वडा अध्यक्षका प्रत्यासी उम्मेदवार तथा 'भ्रष्टाचार र लागुपदार्थ मुक्त रूपनी गाउँपालिका'को अभियानकर्मी राजु भनिने किरणकुमार जायसवालमाथि कुटपिट, लुटपिट भएको भन्दै पीडितले रुपनी गाउँपालिका अध्यक्षसहित ४ जनाविरुद्ध दिएको उजुरी दर्ता नभएपछि उच्च अदालत जनकपुर राजविराज इजलाशबाट मङ्सिर २२ गते आरोपितहरुविरुद्ध चोरी, डाँका मुद्दा दर्ता गर्न परमादेश जारी भयो। जसपा सप्तरी अध्यक्ष केदार यादवमाथि २०७९ चैत २१ गते जिल्ला प्रहरी कार्यालयभित्र हातपात गरेका आरोपित प्रहरी निरीक्षक नविन थापा मगरलाई घटनाकै दिन मधेस प्रदेश प्रहरी कार्यालय गणमा तानियो। रुपनी कार्यपालिका सदस्यमाथि भएको अभद्र व्यवहार, ६४ वर्षीय बृद्धमाथि छोराले गरेको कुटपिट तथा ७५ र ७५ वर्षीय बृद्धसहित वडा सदस्यमाथि, छिमेकीहरुले गरेको कुटपिटका घटना समेत अभिलेख गरिएको छ।

घरेलु हिसाका **३१** घटना नमूनाका रूपमा अभिलेख गरिएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत ४ ओटा घटना अभिलेख गरिएको छ।

**अन्य**

जिल्ला कारागारको बन्दी क्षमता १५ महिलासहित १५५ जनाको छ। हाल कारागारमा कैदी र थुनुवा १९० कैदी र २६१ बन्दीसहित ४५१ जना छन्। गत वर्षको अन्त्यमा कैदी र थुनुवा ३७० जना थिए। कारागारमा थुनुवा र कैदी, २१ वर्ष मुनिको र २१ वर्ष माथिको कैदी वा थुनुवा, देवानी मुद्दा र फौजदारी मुद्दाका कैदी, रोगी र निरोगी तथा मनोरोगी थुनुवा वा कैदीलाई छुट्याई राख्ने व्यवस्था छैन्। ज्येष्ठ नागरिक, मानसिक रोगी, एचआइभी संक्रमित, पक्षघातबाट पीडित, रक्तचाप, चिनी, दम र मुटुलगायतका

बाँकी पृष्ठ ६ मा

हत्या १९ (पुरुष १० महिला ७ बालबालिका २)
राज्यबाट कुटपिट र दुर्व्यवहार ३
गैरराज्यबाट कुटपिट र दुर्व्यवहार ७
आत्महत्या दुरुत्साहन ५
महिला बलात्कार १९
महिला वैवाहिक बलात्कार १
महिलामाथि बलात्कार प्रयास ५
महिला गर्भपतन २
महिलामाथि अमानविय व्यवहार ३
महिला अपहरण १
महिलामाथि यौन दुर्व्यवहार १
मानव वेचविखन १
मपहलामाथि अपमानजनक व्यवहार २
बहुविवाह १७
बालिका बलात्कार २१
बालिका यौन दुरुपयोग २
बालविवाह ९
बालिका अपहरण १
बालिका बेपत्ता १
बालबालिका कुटपिट ४
बालबालिकामाथि अभद्र व्यवहार १
घरेलु हिसा ३१
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत ४

## संक्षिप्त समाचार

### जसपाको प्रशिक्षक प्रशिक्षण सम्पन्न

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ। मधेश प्रदेशको जनकपुरस्थित रमन टावरमा सोमबारदेखि तीन दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना भएको थियो। मंगलबारदेखि आयोजित कार्यक्रममा पार्टीका अध्यक्ष उपेन्द्र यादवले , समाजवाद, मधेस र पत्रकारिता विषयमा सहभागीहरुलाई प्रशिक्षण दिए। त्यस्तै पार्टीका राजनीतिक समिति सदस्य अर्जुन थापाले सामाजिक लोकतन्त्रमा लोककल्याणकारी राज्यको अवधारणा विषयमा प्रशिक्षण दिए। प्रेस मञ्च, नेपाल मधेश प्रदेश समितिको आयोजना गरेको प्रशिक्षणमा विभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारसहित करिब एक सय जना प्रतिनिधि सहभागी रहेका थिए।

### १३ लाखभन्दा बढीको लत्ताकपडा बरामद

रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका ९ चेतनगरस्थित एक घरबाट सशस्त्र प्रहरीले पुस ४ गते १३ लाख ४१ हजार ४ सय २० रुपैयाँ बराबरको लत्ताकपडा बरामद गरेको छ। विशेष सूचनाको आधारमा सुरक्षा बेश सन्तपुर र गौर भन्सार कार्यालय रौतहटबाट खटिएको संयुक्त टोलीले वेवारिसे अवस्थामा १२ बोरा बिभिन्न किसिमका लत्ताकपडा बरामद गरेको हो। बरामद लत्ताकपडा गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ।

### बसको टायर फुस्किएर लाग्दा एकको मृत्यु

मोरङ। गुडिरहेको बसको टायर फुस्किएर चोट लाग्दा कानेपोखरी गाउँपालिका-६ बस्ने ३० वर्षीय वीरेन्द्र पौडेलको मृत्यु भएको छ। सोही गाउँपालिका-७ स्थित सडकमा प्रदेश १-०१-००१ ख ३९२२ नम्बरको बसको टायर अचानक फुस्किएर लाग्दा गम्भीर घाइते भएका उनको बिराट नर्सिंङहोम बिराटनगरमा मंगलबार बिहान उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### पाँच केजीभन्दा बढी गाँजासहित किशोर पक्राउ

सप्तरी। कंचनरुप नगरपालिका-२ बरमझियास्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब ५ केजी ३ सय ग्रामसहित उदयपुर बेलका नगरपालिका-६ बस्ने १८ वर्षीय किशोरलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ। उक्त स्थानमा प्र.२-०२-००२ प ९५२९ नम्बरको मोटरसाइकललाई नम्बर प्लेट नभएको मोटरसाइकलले ठक्कर दिई दुर्घटना भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कंचनपुरबाट खटिएको प्रहरीले नम्बर प्लेट नभएको मोटरसाइकलमा सवार ती किशोरलाई उक्त गाँजासहित पक्राउ गरेको हो। साथै दुर्घटनामा घाइते भएका प्र.२-०२-००२ प ९५२९ नम्बरको मोटरसाइकलमा सवार २ जनाको स्थानीय धर्मेश्वर अस्पताल ठेलिया सप्तरीमा उपचार भइरहेको छ।

### दुई मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

बारा। निजगढ नगरपालिका-९ सिंगौल गेटस्थित सडकमा प्र.१- ०५-००१ प ५४९७ नमबर र बा.९७ प ९४४ नम्बरका २ वटा मोटरसाइकल एकआपसमा ठक्कर खाई बुधबार दिउँसो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा बा.९७ प ९४४ नम्बरको मोटरसाइकल चालक उदयपुर कटारी नगरपालिका-२ बस्ने ३४ वर्षीय चन्द्रदिप लामा र प्र.१ -०५-००१ प ५४९७ नम्बरको मोटरसाइकल चालक रौतहट चन्द्रपुर नगरपालिका-३ पौराई बस्ने ३१ वर्षीय बुद्ध बहादुर बल रहेका छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको सामुदायिक प्रसुती अस्पताल निजगढमा उपचारको क्रममा मृत्यु भएको हो। साथै बा.९७ प.९४४ नम्बरको मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ।

### ट्यांकरले मोटरसाइकललाई ठक्कर दिंदा एकको मृत्यु

धनुषा। धनुषाधाम नगरपालिका-७ कान्छी बजारस्थित सडकमा ना.४ ख ४१५२ नम्बरको ट्याङ्करले लु.८६ प ८४०९ नम्बरको मोटरसाइकललाई दिँदा एक जनाको मृत्यु भएको छ। बुधबार राति ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका-९ बस्ने ३० वर्षीय सरोज मण्डलको घटनास्थलमै मृत्यु भएको छ।

### लागूऔषधसहित एकजना पक्राउ

कैलाली। गोदावरी नगरपालिका-१ अत्तरिया बस्ने ३१ वर्षीय सुरेश बुढामतवालालाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ७० मिलिग्रामसहित बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

### कुखुरा फर्ममा आगलागी

सप्तरी। तिरहुत गाउँपालिका-२ नमननगर बस्ने रमेश साफीको कुखुरा फर्ममा बिद्युत सर्ट भई बिहीबार बिहान आगलागी हुँदा कुखुराको चल्ला, पानी तान्ने मोटर र बिद्युतको मिटर लगायतका सामान जलेर करिब ५ लाख ४५ हजार रूपैयाँ धनमाल नष्ट भएको छ। प्रहरीले स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### थ्रेसर मेशिनमा बेरिएर एक जनाको मृत्यु

झापा। झापा गाउँपालिका-२ सुगा बथान बस्ने ५७ वर्षीय नुनुवा टुडुको खेतमा प्र १-०१-००१ त ८०९२ नम्बरको ट्याक्टरमा जोडेको थ्रेसर मेशिनमा बेरिएर बुधबार बिहान मृत्यु भएको छ। आफ्नै खेतमा थ्रेसर मेशिनबाट धान थ्रेसर लगाई झार्ने क्रममा थ्रेसरमा बेरिएर उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।



## दक्षता अभिवृद्धिका लागि ट्राफिक नियन्त्रण तालिम सञ्चालन

काठमाडौं । ट्राफिक प्रहरीको दक्षता अभिवृद्धिका लागि काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले ५० जना प्रहरी कर्मचारीहरूका लागि ट्राफिक नियन्त्रण तालिम सञ्चालन गरेको छ ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको तत्वावधानमा संचालित उक्त तालिमको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र प्रसाद भट्टले सोही कार्यालयमा सोमबार आयोजित कार्यक्रमबीच उद्घाटन गर्नुभयो । सो अवसरमा प्रहरी वरिष्ठ उपरीक्षक भट्टले सडकमा सवारी साधनको व्यवस्थापन, सहज आवागमन र दुर्घटना न्यूनीकरण गर्नलाई आवश्यक व्यावसायिक ज्ञान, सीप, कौशल तालिममा प्रदान गरिने बताउनुभयो । अन्य सरोकारवाला निकायहरूसँगको समन्वय लगायतका विषयमा ज्ञान दिइने यस प्रशिक्षणमा प्रशिक्षार्थीहरूले बढीभन्दा बढी उत्सुक तथा सक्रिय भई तालिम हासिल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा तालिम संयोजक प्रहरी नायव उपरीक्षक रबिन कार्कीले तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै ४५ दिन कार्य अवधि रहेको उक्त तालिममा प्रहरी हवल्दार २ जना, प्रहरी सहायक हवल्दार ९ जना र प्रहरी जवान ३९ जना गरी कुल ५० जना प्रशिक्षार्थीहरु सहभागी रहेको जानकारी दिनुभयो ।

## नेपाल प्रहरी श्रीमती संघ र नोबेल अस्पताल विराटनगरबीच सम्झौता

मोरङ । नेपाल प्रहरी श्रीमती संघ र नोवेल मेडिकल कलेज टिचिङ अस्पताल बिराटनगरबीच नेपाल प्रहरीका कर्मचारी तथा आश्रित परिवारलाई उपचार सेवामा २५ प्रतिशत छुट दिने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

नेपाल प्रहरी श्रीमती संघको तर्फबाट संघकी अध्यक्ष लक्ष्मी कुवँर र उक्त अस्पतालको तर्फबाट अस्पतालका प्रबन्ध निर्देशक ईन्दिरा शर्मा (बराल)ले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा सोमबार आयोजित कार्यक्रममा उक्त सम्झौता-पत्रमा हस्ताक्षर गरेका हुन् ।

सो अवसरमा संघकी अध्यक्ष कुँवरले प्रहरी कर्मचारीहरू र आश्रित परिवारहरूको स्वास्थ्यमा पहुँच पुऱ्याउने उद्देश्यले सम्झौता गरिएको उल्लेख गर्दै यसले सकल दर्जाको मनोवल उच्च भई शान्ति सुरक्षा कार्यमा थप सहजता प्रदान हुने विश्वास व्यक्त गरिन् ।

कार्यक्रममा नोवेल मेडिकल कलेजकी प्रवन्ध निर्देशक इन्दिरा शर्मा (बराल)ले सामाजिक उत्तरदायित्व बहन गर्दै जनताको सुरक्षामा खटिने नेपाल प्रहरीका कर्मचारीहरुलाई उपचारमा सहुलियत उपलब्ध गराईएको र आगामी दिनमा दुवै पक्षको समन्वय र सहकार्यमा सहुलियतमा थप गर्दै लगिने लक्ष्य रहेको बताइन् ।

नेपाल प्रहरीका बहालवाला कर्मचारीहरू तथा आश्रित परिवार सदस्यहरू ( आमा, बुवा, श्रीमान वा श्रीमती, अविवाहित छोरा, छोरीहरू) लाई उपचारको क्रममा बहिरङ्ग विभागमा उपचार गराउँदा बिरामी दर्ता निःशुल्क तथा अस्पतालले प्रदान गर्ने सबै सेवा शुल्कमा २५ प्रतिशत छुटका साथै भर्ना भई उपचार गराउँदा समेत अन्तरङ्ग विभागमा अस्पतालले प्रदान गर्ने सबै सेवा शुल्कमा २५ प्रतिशत छुट उपलब्ध हुने सम्झौता-पत्रमा उल्लेख गरिएको छ । हाललाई १ वर्षको सम्झौता अवधि रहेकोमा पुन थप गर्दै लगिने समेत सम्झौता पत्रमा उल्लेख गरिएको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी अध्यक्ष अजिता देवकोटा बास्तोला, नोवेल मेडिकल कलेजका कार्यकारी निर्देशक राजेश नेपाल लगायत प्रहरी अधिकृतहरू तथा नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

हस्ताक्षर कार्यक्रमपश्चात संघकी अध्यक्ष लक्ष्मी कुँवरले प्रदेश प्रहरी कार्यालय परिसरमा वृक्षारोपण समेत गरेकी थिइन् ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राजस्व अनुसन्धान विभागको अनुरोध

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System - VCTS) को सफ्टवेयर तयार गरी २०७६ श्रावण १ गतेबाट संचालनमा रहेको छ । एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानीय मालवस्तुको ढुवानी भएको मालवस्तुको विलबिजक र मौजदात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System - VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध । यस VCTS मा प्रविष्ट नगरी सामान ओसार पसार गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

## VCTS सम्बन्धी कुनै समस्या भएमा

**टेलिफोन नं.: ०१५४४४७४५ टोल फ्रि नम्बर: १६६०-०१-५५०००**

**IT SUPPORT -९८४९३९८९१४, ९८१०१०६९२९**

**Email:- vcts@dri.gov.np मा e-mail गर्नु हुन ।**

## सप्तरीको...

दीर्घरोगी पनि छन् तर सिअहेवको दरबन्दी रहेपनि ०७८ पुस मसान्तदेखि हेल्थ असिस्टेन्टसम्म छैन् । स्वच्छ खानेपानी, शौचालय, पत्रपत्रिका, खेलकुद सामग्रीको अभाव, सिपमूलम तालिम नहुने, कारागारभित्रै बस्नु पर्ने प्रमुखको आवास व्यवस्था नहुँदा बाहिर बस्ने गरेका छन् । घेराबेरा र सुरक्षाको बुर्जा कमजोर छ । भवनको पर्खाल ठाउँ-ठाउँमा भत्किएको र कतिपय ठाउँमा पीपलका रुखहरू उम्रिएकाले चर्किएको छ । कारागारको सुरक्षाका लागि कन्सनटिना तारवारको व्यवस्था र भुई ढलान हुनुपर्ने देखिएको छ । कार्यालय प्रमुखमा शाखा अधिकृत तहसहित १२ जनाको दरबन्दी रहेपनि अधिकांश रिक्त छ । सवारी साधन छ सवारी चालकको दरबन्दी छैन् । चारैतिरबाट अतिक्रमणमा परेको कारागारको जमीन २ विघा ८ कट्ठा ४ धुर हुनुपर्नेमा १ विगहा ४ कट्ठा जग्गा मात्र उपभोग गरिरहेको छ ।

कैदीले उमेर र छुटको सुविधा पाउने अवधि गणना मिलाउन नसक्दा, समयमै फैसला हुन नसक्दा र कतिपय अवस्थामा कानुनी प्रकृयाको ढिलाइले समेत बढी समय कैद बस्नु परेको छ । सामान्य धरौटी लिएर महिनौ फैसला नगरेर राज्यको खर्च बढाइएको छ । संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले पाउनुपर्ने सजाय छुटको कार्यान्वयनतर्फ ध्यान पुगेको देखिदैन् ।

प्रहरी, अदालत वा अन्य निकायमा हुने मेलमिलापको अनुगमन गर्नुपर्ने खाँचो छ । हिंसा पीडित महिलाको पक्षमा भएको अन्तरिम संरक्षणात्मक आदेश, सहमति, मिलापत्र कार्यान्वयनमा समस्या रहेको र घरमा महिलाहरु पुनस्थापित हुने अवस्था नरहेकोले पनि अनुगमनको व्यवस्था जरुरी देखेको छु । मुद्दामामिलामा राजनीतिकसहित तेस्रो पक्षको प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पर्न नदिन र कानुनी प्रकृयामा लगेर किनारा लगाउने कुरामा सबै एकमत हुन जरुरी रहेको छ । कानुनभन्दा समाज र व्यवहार ठूलो भनेर गम्भिर प्रकृतिका घटनाहरू गाउँमै पञ्चायत गरी सहमति गराउने गरिएको छ । प्रहरी कार्यालयमा सहमति जनाए पनि व्यवहारत कार्यान्वयन नहुँदा र हिंसा कार्य जारी रहँदा पीडितहरू निराश छन् । पीडितहरू दुखेसो लिएर सबैभन्दा पहिले प्रहरीकहाँ नै जाने गरेकोले गम्भिरताका साथ पीडितको सुरक्षा, न्याय र गोपनियतामा प्रहरी सजग रहनु पर्ने देख्छु । प्रहरी वा अन्य सार्वजनिक कार्यालयमा महिला प्रहरी, कर्मचारी थप गर्नुपर्ने, विचौलियाहरूको गतिविधीलाई पहिचान गरी उनीहरूको हस्तक्षेप निषेध गर्नुपर्ने, निशुल्क उजुरी लेख्ने व्यवस्था गर्नुपर्ने र सरोकारवाला निकायहरुले समाजको विश्लेषण गरेर कार्ययोजनका साथ सशक्त भएर दृढतापुर्वक लाग्नुपर्ने आवश्यक्ता छ ।

हिंसा पीडित महिलाहरूको अल्पकालिन आश्रयका लागि तत्काल स्थानीय तहहरु मिलेर लैंगिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्वन्धी कार्यविधि र लैङ्गिक हिंसा निवारण कोष स्थापना गरेर सञ्चालन गर्नुपर्ने र आवश्यक ऐन बनाउनु पर्ने आवश्यक्ता देखिएको छ । जिल्ला छात्रवृति व्यवस्थापन समिति सकृय हुनुपऱ्यो । वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाहरूका बालबालिकाका लागि बैदेशिक रोजगार बोर्ड बबरमहलबाट रकम प्राप्त नभएको सुनिन्छ । द्वन्द्वपीडित परिवारका धेरै बालबालिका कसरी लाभान्वित गराउने, सामुदायिक बिद्यालयका विद्यार्थीहरुको स्तरोन्नती हुन सकेको छैन् । विशेष शिक्षा सञ्चालन भएको विद्यालयमा बिद्यार्थीहरु छैनन् । शिक्षकहरुले तलब खाइरहेका छन भने त्यही अनुपातमा उपलब्धी लिन बिद्यार्थीलाई विद्यालय ल्याउने वातावरण बनाउनु पर्छ । सवै तहमा अध्ययनरत विद्यार्थीहरूलाई सहज ढंगले शिक्षा आर्जन गर्न कठिनाई छ । समयमा कोर्ष पूरा हुन नसकेको अवस्था छ । बिद्यालयहरुले मनपरी रकम असुल्ने गरेको गुनासो छ । कमिशनकै लागि निजी विद्यालयले वर्षेनी पाठ्यपुस्तक परिवर्तन गरिरहेको छ ।

*-२०२३ डिसेम्बर २०*

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**छिन्नमस्ता गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# जनप्रतिनिधि र कर्मचारीको प्रभावकारी कामले सुशासन कायम गर्न सकिने

बारा । बाराको जितपुर सिमरामा 'सुशासन र सेवा प्रवाहमा स्थानीय तहको भुमिका' बिषयक छलफल कार्यक्रम सम्पन्न भएको छ ।

तराई विकास तथा सञ्चार केन्द्र नेपाल काठमाडौंको आयोजना, जितपुरसिमरा उपमहानगरपालिकाको सहकार्य एवं जिल्ला प्रशासन कार्यालय कलैया बाराको संयोजनमा सो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रम आयोजक संस्थाका अध्यक्ष गोविन्द चौलागाईको अध्यक्षतामा सम्पन्न भएको छ ।

कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले क्षणिक स्वार्थका लागि नियम विपरितका काम गर्दा भ्रष्टाचार बढेको बताए ।

अत्यन्तै बढी विवादित हुने बिषय सार्वजनिक खरिदको बिषयमा सचेत हुनुपर्ने उनले बताए ।

'बाराका कतिपय जनप्रतिनिधिले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह नगर्दा जिल्लाको अधिकांस पालिकामा बेथिति बढेको छ । सिम्रौनगढ, पचरौता, आदर्शकोतवाल पालिकामा अझै बजेट पारित हुन सकेको छैन' प्रजिअ सापकोटाले भने ।

जितपुरसिमरा उपमहानगरपालिकाले आफ्ना कर्मचारीहरुलाई सुशासन र सेवा प्रवाहको बारेमा आयोजित प्रशिक्षण कार्यक्रम गर्दा प्रभावकारी भएको बताउँदै प्रजिअ सापकोटाले धन्यावाद व्यक्त गर्दै यस्ता प्रकारका छलफल, प्रशिक्षणमुलक कार्यक्रम अन्य पालिकाले समेत गर्न आवश्यक रहेको बताए ।

कार्यक्रममा सार्वजनिक खरिद कार्यालयका पूर्वसचिव डा.दामोदर रेग्मीले कार्यपत्र प्रस्तुत गरे छन् ।

कार्यपत्र प्रस्तुत गर्दै उनले सबैभन्दा नजिक र घरदैलोको सरकार भनेको पालिका सरकार नै भएकाले सुशासन र सेवा प्रवाह बढदै गएपछि सर्वसधारणले सन्तुष्टि प्राप्त गर्ने बताए । प्रभावकारी सेवा प्रवाह भए सुशासन कायम हुने बताउँदै उनले जनप्रतिनिधि होस वा कर्मचारीले आफ्नो जिम्मेवारी पूर्णरुपमा निर्वाह गर्नुपर्ने बताए ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझा शासन र स्वशासनको बारेमा प्रकाश पार्दै उनले सरकारले राम्रो काम गरे जनताले रुचाउँने र जनता सन्तुष्टि भएको सरकार रहने भएकाले त्यही निर सुशासन कायम हुने उनले बताए ।

राजस्वको तीन तहका सरकारका बीचमा हुने बाँडफाँट, सार्वजनिक खरिद, बजेटको कार्यान्वयन लगायतका बिषयमा डा.रेग्मीले आफ्नो धारणा राख्दै नियम कानूनको भित्र रहेर जनताको काम प्रभावकारी गरे सुशासन कायम हुने बताए ।

नायव महालेखा परिक्षक मधेस प्रदेश कार्यालयका प्रमुख श्याम भण्डारीले कार्यपत्र प्रस्तुत गर्दै महालेखा परिक्षणको कार्यलाई प्रभावकारी बनाउँन दक्ष जनशक्तिको आवश्यक्ता भएको बताए ।

आचार संहितको पालना गर्दै लेखा परिक्षणको काम गर्दा कानूनी रुपमा पद्धति र विधि पुर्याएर गर्नुपर्ने उनले बताए ।

प्रदेश र स्थानीय तहको लेखा परिक्षणका काम गर्दा सबै प्रक्रिया एवं विधिलाई ध्यान दिदै अगाडी बढदा प्रभावकारी काम हुने उनले बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडा कार्यालयका प्रमुख उमाकान्त आचार्यले आव २०८०/०८१मा बाराबाट ३७० वटा उजुरी अख्तियारमा परेको बताए । भ्रष्टाचार, अनियमितता लगायतका बिषयमा ति उजुरीहरु परेको उनले बताए । कार्यक्रममा आचार्यले सामाजिक उतरदायित्वका औजारहरुको प्रयोगका रुपमा सार्वजनिक सुनुवाई, जनसहभागिता, निष्पक्षतामा ध्यान दिदै अगाडी बढे भ्रष्टाचारलाई न्यनिकरण गर्न सकिने बताए ।

जितपुरसिमरामा आयोजित यस्तो प्रशिक्षणमुलक कार्यक्रमले सेवा प्रवाहका कार्यक्रम प्रभावकारी भएको बताउँदै प्रमुख आचार्यले मधेसका हरेक जिल्ला र पालिकामा यस्तो कार्यक्रम गर्दै जानुपर्ने र यसले सेवाग्राहीलाई सुशासनको प्रत्याभुती गराउँने विश्वास व्यक्त गरे ।

जीतपुरसिमरा उपमाहनगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिवजीप्रसाद साहले पहिलो पाँचबर्षे कार्यकालमा ऐन, कानूनको अभावमा काम गर्न असजिलो भएको बताउँदै कानून निर्माण सम्पन्न भएसंगै संघीय कानूनको सहयोगमा सेवा प्रवाह प्रभावकारी बन्दै गएको बताए ।

सार्वजनिक खरिदमा समस्या देखिरहेको बताउँदै उनले जितपुरसिमरा उपमहानगरपालिकामा आव ०७८/७९मा ४३ करोड ५३ लाख ९३ हजार बेरुजु रहेको बताए ।

गाउँघरको सरकार पालिका सरकार भएको बताउँदै उनले सेवा प्रवाहमा संघीय र प्रदेश सरकारभन्दा पालिका सरकार महत्वपूर्ण भएको बताए । सोही अनुसार पालिका सरकारबाट उपलब्ध गराउँनुपर्ने सेवाहरु आफूहरुले उपलब्ध गराईरहेको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुभाष साहले सार्वजनिक सेवालाई प्रभावकारी बनाउँदै अगाडी बढे सुशासन कायम गर्न सकिने बताए । जनताको काम जनप्रतिनिधि र कर्मचारीले तोकिएकै समयमा नगर्दा समस्या उठिरहेको बताउँदै उनले जनप्रतिनिधि र कर्मचारीको मनोमानीका कारण अहिलेको व्यवस्था माथि नै प्रश्न उठेको बताए । जनप्रतिनिधि र कर्मचारीले ढिलासुस्ती गर्दा सेवाग्राहीले समयमै सेवा पाउँन नसकेको साहले बताए ।

आयोजक संस्थाका अध्यक्ष चौलागाईले सुशासन र सेवा प्रवाहको बारेमा जितपुर सिमरामा आयोजित कार्यक्रम सुरुवात भएको बताउँदै मधेस प्रदेशका सबै जिल्लामा यस्तो कार्यक्रम आयोजना गरिने बताए । पश्चिम मधेसबाट सुरु भएको कार्यक्रम पूर्वमधेसको सिरहा, सप्तरी लगायतका जिल्लामा समस्याहरुको पहिचान गर्दै आएका सुझावहरुलाई समेटेर काठमाडौंमा सरोकारवालाहरुको सहभागितामा समाधानका उपायका बारेमा बृहत छलफल कार्यक्रम आयोजना गरिने चौलागाईले बताए ।

कार्यक्रममा बिभिन्न कार्यालयका कार्यालय प्रमुख, कर्मचारी, जीतपुरसिमरा उपमहानगरपलिकाका बिभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, सञ्चारकर्मी लगायतको बिशेष सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागिहरुले पालिकाबाट प्रवाह हुने सेवा, नागरिकत्ता सिफारिस, घटना दर्ता, बिकासका काम प्रभावकारी बन्न नसकेकोमा प्रश्न उठाउँदै सरोकारवालासंग जवाफ मागेका थिए ।




## नक्कली सवारी दर्ता किताव बनाउने दुई जना पक्राउ

काठमाडौं । लिखत किर्ते गरी नक्कली सवारी दर्ता किताव बनाएको अभियोगमा २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका-८ घर भई काठमाडौं बौद्ध बस्ने ४२ वर्षीय डिबि भन्ने दिल बहादुर घिसिङ तामाङ र सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-१ घर भई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-४ बस्ने ३३ वर्षीय आइतसिंह तामाङ रहेका छन् ।

केही व्यक्तिहरुले लिखत किर्ते गरी सवारी दर्ता किताव लगायतका कागजातहरु तयार गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले दिल बहादुरलाई काठमाडौं कालीमाटीबाट र आइतसिंहलाई मनोहरा नगरपालिका-१ बम्र्हखेलबाट पक्राउ गरेको हो ।

उनीहरूबाट बागमती प्रदेश ०१ ०२५ च २७५९ नम्वरको कारको ब्लुबुक १ थान, विभिन्न नम्बरका कारका सवारी दर्ता प्रमाणपत्र ४ थान, कार ५ थान, विभिन्न सरकारी कार्यालयका छापहरु ४ थान र मोबाइल २ थान बरामद भएको छ ।

## जिल्ला समाचार

### सार्वजनिक दलान र खतवे जातिको कुल देवताको मन्दिर शिलान्यास

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिका वड़ा नं.७ मटिहानीमा निर्माण हुने मंडल(धानुक) जातिको सार्वजनिक दलानको शिलान्यास मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले गरेका छन् । सो दलानले स्थानीयलाई बिबाह, भोज जयन्ती र पाहुनालाई राख्न मद्दत पुग्ने कुरा नगर प्रमुख मण्डलले भने । सो दलान नगरस्तरीय योजना अन्तर्गत करिब २२ लाखको लागतमा निर्माण हुने कुरा प्राविधिक दिनेश साहले जानकारी दिए । उक्त कार्यक्रममा नगर वड़ा नं.६,७ र ८ का वड़ा अध्यक्षहरु क्रमश: कलीम अंसारी,जीत नारायण माझी र रितेश साह, जिल्ला समन्वय समितिका सदस्य राम लखन पंजियार, चुल्हाइ मंडल,बिश्वनाथ मंडल,अशेश्वर मंडल,प्रताप मंडल,बेचन मंडल, शैलेन्द्र मंडल लगायतका स्थानीयहरुको सहभागिता रहेको थियो । त्यसै क्रममा मटिहानी नगरपालिका वड़ा नं.९ सिमरदहीमा निर्माण हुने खतवे जातिको कुल देवता भगवान शोसिया निकोझियाको मन्दिरको शिलान्यास मटिहानी नगरपालिकाका नगर प्रमुख प्रसाद मण्डलले गरे । उक्त मंदिरले खतवे जातिको धार्मिक पूजा अर्चना गर्न मद्दत पुग्ने कुरा नगर प्रमुख मण्डलले बताए । सो मन्दिर करिब ८ लाखको लागतमा निर्माण हुने कुरा प्राविधिक दिनेश साहले जानकारी दिए । उक्त कार्यक्रममा नगर उप(प्रमुख मंजु देवी साह, वड़ा नं.९ का वड़ा अध्यक्ष मदन चौधरी, मोसाफिर सहनी, सकलदेव पासमान, जोगिन्द्र साह, विजय साह, रबिन्द्र साह, तपेश्वर खतवे,राम प्रताप खतवे,सगम लाल खतवे,बिलटू खतवे, लगायतका स्थानीयहरुको सहभागिता रहेको थियो ।

### सरुवा भएका प्रजिअ आचार्यको बिदाई

इमरान खान, कपिलवस्तु । १० महिने बसाई पछि सुर्खेत सरुवा भई जान लागेका कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यलाई बिदाई गरिएको छ । कपिलवस्तु नगरपालिकास्थित मेयर कक्षमा फेरि भेटौला कार्यक्रमअन्तर्गत कपिलवस्तु मेयर्स क्लवले बिदाई गरेको हो । जिल्ला समन्वय समितिका प्रमुख बाबुराम आचार्य, क्लबका अध्यक्ष तथा बुद्धभूमि नगरपालिकाका मेयर केशव कुमार श्रेष्ठ, कपिलवस्तु नगरपालिकाका मेयर सुदिप पौडेल, महाराजगंज नगरपालिकाका मेयर अब्दुल कलाम, बाणगंगा नगरपालिकाका मेयर चक्र अर्याल, सुद्धोदन गाउँपालिका मेयर कमलेशरण चौधरी सहितको टोलीले प्रजिअ आचार्यलाई बिदाई गरेका हुन् । आचार्यलाई उनीहरुले खादा र टीका लगाई मायाको चिनो समेत प्रदान गरेका थिए । आचार्य सुर्खेत सरुवा भएपछि यहाँ नवलपरासी पश्चिमबाट प्रमूख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल आउने भएका छन् ।

### सप्तरीमा २४० किलो गाँजा बरामद

सप्तरी । जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ८ कोशीपलार ईलाकाबाट बिहीबार सशस्त्र प्रहरीले २ सय ४० केजी गाँजा बरामद गरेको छ । विशेष सुचनाको आधारमा सो ठाउँको काँसघारीमा लुकाई छिपाई राखेको अवस्थामा उक्त गाँजा बिओपी बर्साईनले बरामद गरेको हो । बरामद गाँजा आवश्यक अनुसन्धान कारवाहीको लागि सम्बन्धित निकायमा बुझाउने प्रकृयामा रहेको छ । यसैगरी, सप्तरी जिल्लाकै कञ्जनरुप नगरपालिका २ बरमझियास्थित पूर्व पश्चिम लोकमार्गबाट पुस ४ गते सशस्त्र प्रहरीले ५ केजी ३ सय ग्राम गाँजासहित एक जनालाई नियन्त्रणमा लिएको छ । मोटरसाइकलमा आउदै गरेका उदयपुर जिल्लाको बेलका नगरपालिका ६ बस्ने १८ बर्षिय भोजकुमार राईलाई सशस्त्र प्रहरी बल नेपाल दन्तकाली बिषेश तालिम शिक्षालय सप्तरीले जाँच गर्ने क्रममा झोलाभित्र प्लाष्टिकमा प्याक गरिएको ५ वटा गाँजाको प्याकेट फेला परेपछि उनलाई नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिइएका राईलाई बरामद गाँजासहित आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीमा बुझाइएको छ ।

### राजकीय संस्कृत माविको भवन उद्घाटन

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानीमा रहेको श्री राजकीय संस्कृत माध्यमिक विद्यालयमा निर्माण भएको थप २ कोठे पक्की भवनको उद्घाटन भएको छ । यसैबीच एक कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले सो पक्की भवनको उद्घाटन गरेका हुन् । सो अवसरमा बोल्दै नगर प्रमुख मण्डलले देशकै सबभन्दा जेठो करिब ३०५ वर्ष पुरानो विद्यालयमा उक्त भवनले पठनपाठन गर्न गराउन सहयोग पुग्ने बताए । उक्त भवन राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २० लाखको लागतमा निर्माण भएको नगरपालिकाले जनाएको छ । वड़ा नं.७ का वडा अध्यक्ष जीत नारायण माझीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मटिहानी नगरपालिका वडा नं.६ र ८ का वडा अध्यक्ष क्रमश: कलीम अंसारी र रितेश साह, कार्यपालिका सदस्य अरुण नाहर, वडा नं ८ का पूर्व वडा अध्यक्ष गणेश प्रसाद साह, या.ल.ना. विद्यापीठका प्राध्यापक हेम नारायण कर्ण, श्री राजकीय संस्कृत माध्यमिक विद्यालयका प्र.अ. ईश्वरी पौडेल, श्री राम मा.वि. मटिहानीका प्र.अ. श्रीश कुमार मिश्र, शिक्षक शिक्षिका, विद्यार्थी लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

### मौलापुरकी मेयर रिना साहको चौतर्फी चर्चा

रौतहट । रौतहटको मौलापुर नगरपालिकाले 'फ्रि विजुली र फ्रि पानी' कार्यक्रम अन्तर्गत आज नगरवासीको घरेलु तथा कृषि सिंचाई मिटरको सम्पूर्ण शुल्क बुझाएको छ । मौलापुर नगरपालिकाकी मेयर रिना साहले यो आर्थिक बर्षको हालसम्मको २ करोड ६६ लाखको चेक नेपाल विधुत प्राधिकरण मौलापुर शाखाका प्रमुख दिनेश यादवलाई बुझाएकी हुन् । मेयर रिना साह, उपमेयर नागेन्द्र यादव, वडा अध्यक्ष लगायतका सहभागितामा सो रकमको चेक बुझाएकी हुन् । मेयर साहको पहलमा भएको यस्तो कामले नगरवासी खुशी हुनुका साथै उनको अहिले चौतर्फी चर्चा गरिरहेका छन् । स्थानीय ठागा दासले मेयर रिना साहको यस लोकप्रिय एवं जनपक्षिय काम सबैकालागि राम्रो भएको बताए । 'मेयर रिना साह ज्यूको पहलमा पहलमा झण्डै चार वर्ष देखि शुरू भएको यो कार्यक्रमले आम जनतामा ठुल्लो राहत एवं उत्साह प्रदान गरेको छ' दासले भने । मेयर साहको कामले नगरवासी खुशी रहेका छन् । फ्रि विजुली, फ्रि पानी मात्रै नभई मौलापुरको शिक्षा, स्वास्थ्य, यातायात लगायत विकासका कामले छिमेकी पालिकाका साथै मधेसभरी मेयर साहको अहिले चर्चा भईरहेको छ । 'यस लोकप्रिय एवं जनपक्षिय कामहरुको जति बखान गरेपनि सायद कम नै हुन्छ होला ! एक पछि अर्को सराहनीय कामहरू गरेर आम जनताको मनमुटुमा बस्न सफल मौलापुरको नेतृत्व एवं नगरपालिका परिवारप्रति हार्दिक आभार व्यक्त गर्छु । साथै यस्तै राम्रो काम अझै भईराखोस भन्ने हाम्रो चाहना आउँने दिनमा पनि मेयर साहेवले पुरा गर्दै जानुहुन्छ भन्ने हामीलाई विश्वास छ' खुशी हुदै दासले भने ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

बारा । महागढीमाई नगरपालिका-९ थलही पुलमा बा.८४ प ५६४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक पर्चौता नगरपालिका-६ बस्ने २२ वर्षीय राम निवास यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एलएस न्यूरो परवानीपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार अन्य २ जनाको सोही अस्पतालमना उपचार भइरहेको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

सिरहा । भगवानपुर गाउँपालिका-२ गमहरियाबाट नियन्त्रित लागूऔषध फेनारगन ६ एम्पुल, डाईजेपाम ६ एम्पुल र बुप्रिनोर्फिन ६ एम्पुलसहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सप्तरी सुरुङ्गा नगरपालिका-९ बस्ने २८ वर्षीय रामअपतार मण्डल र २१ वर्षीय राम प्रकाश मण्डल रहेका छन् । अस्थायी प्रहरी पोष्ट भगवानपुर सिरहाबाट खटिएको प्रहरीले ठाडीबाट भगवानपुरतर्फ जाँदै गरेको प्र.२-०१-००४ प १५४९ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो ।

# एनसेल जस्ता महाघोटालामा संलग्नलाई दण्डित गर्न देशव्यापी आन्दोलन थाल्ने संकल्प



विराटनगर । "एनसेल जस्ता महाघोटालामा प्रधानमन्त्री/पूर्व प्रधानमन्त्रीहरु समेतको संलग्नताको तथ्य प्रकाशमा आएको छ, नागरिक स्तरबाट समेत यस्को छानविन गर्नुपर्छ र दोषीहरु जो कोही हुन कारबाही गर्नुपर्छ र यस्का लागि देशव्यापी रुपमा शान्तिपूर्ण आन्दोलन थाल्नुपर्छ " भन्ने संकल्पसहित विराटनगरमा नागरिक संवाद कार्यक्रम सम्पन्न भएको छ । २०८० मंसिर २८ गते मानव अधिकार तथा शान्ति समाज मोरङ शाखाद्वारा एलिट क्लबको सभाकक्षमा सम्पन्न लोकतन्त्रको प्राण: सुशासन र सद्भाव विषयक नागरिक संवाद कार्यक्रममा बोल्ने नागरिक समाजका प्रतिनिधिहरुले कुशासनका कारण नागरिकहरुमा अहिले चरम आक्रोश र असन्तुष्टि रहेको बताउँदै भ्रष्ट नेताहरुबाट लोकतन्त्रमाथि सर्वाधिक खतरा रहेको औल्याएका थिए । यसैगरी शान्ति समाज इलाम शाखाद्वारा मंसिर २६ गते इलाममा आयोजित नागरिक संवाद कार्यक्रममा "सामाजिक सद्भाव भड्काउने कुनै पनि गतिविधि स्वीकार्य नहुने भएकाले सबै खाले आन्दोलन र प्रदर्शन गर्दा सामाजिक सद्भाव कायम राख्न अपिल"सहित संकल्प पारित गरिएको छ भने झापा शाखाद्वारा मंसिर २५ गते विर्तामोडमा आयोजित नागरिक संवाद कार्यक्रममा "पहिचानको विषयलाई लिएर उठेको आन्दोलनलाई संवादबाटै समाधान गर्न सहमति हेतु अब नागरिक समाजले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने"तर्फ ध्यानाकर्षणसहित संकल्प पारित गरिएको छ । समाजका सभापति रामकृष्ण बरालद्वारा अवधारणापत्र प्रस्तुत गरिएको तीन जिल्लाको नागरिक संवाद कार्यक्रममा समाजका संस्थापक सभापति कृष्ण पहाडीले प्रत्येक व्यक्तिलाई आवतजावत गर्ने स्वतन्त्रता भएको मानव अधिकारको विश्वव्यापी मान्यता स्मरण गराउँदै कोशी प्रदेश नामाकरण विरुद्ध पूर्वाञ्चलमा आन्दोलनरत पक्षलाई सो अधिकारको सम्मान गर्न आग्रह गर्नुभएको थियो । सरकारले शान्तिपूर्ण आन्दोलनलाई दमन गर्न नहुने र आन्दोलनरत पक्षले हिंसा र अराजकतालाई बढावा दिनु नहुने स्मरण गराउँदै पहाडीले संवादबाटै समाधान खोज्न स्थानीय नागरिक समाजलाई प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको थियो ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंक भिषा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड भिषा पेमेन्ट एक्सिलेन्स अवार्ड २०२३ बाट सम्मानित भएको छ ।

भिषा इन्टरनेशनलद्वारा काठमाडौँमा आयोजित लिडरसिप कन्क्लेभमा बैंकलाई सन् २०२३ मा भिषा सदस्यमध्ये एशोशिएट सदस्यतर्फ डेबिट कार्ड प्रवर्द्धनमा उत्कृष्ट बनेकोमा उक्त अवार्ड प्रदान गरिएको हो ।

बैंकले हालैमात्र भिषासँगको सहकार्यमा भिजा स्क्यान टू पे भुक्तानी प्रणालीको शुभारम्भ गरेको छ । क्यूआरमार्फत भर्चुअल भिजा कार्डबाट पेमेन्ट गर्ने सकिने उक्त प्रविधि नेपालमै पहिलो रहेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५५ शाखा, ३७९ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ११०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गर्दै आएको छ ।

"आइएमई पे" 'भिजा पार्टनरसिप' अवार्डबाट सम्मानित

काठमाडौँ, पौष ,४ । नेपालको पहिलो डिजिटल वालेट "आइएमई पे" " 'भिजा पार्टनरसिप' " अवार्डबाट सम्मानित भएको छ । काठमाण्डौंमा मंगलबार आयोजित भिजा लिडरसिप कन्क्लेभ २०२३ मा भिजाले उत्कृष्ट फिनटेक कम्पनीको रूपमा क्ष्ःभ एबथ लाई एक्सिलेन्स इन फिनटेक पार्टनरसिप' अवार्डबाट सम्मानित गरेको हो ।

यो अवार्डले फिनटेक उद्योगमा प्राविधिक उत्कृष्टता मार्फत वित्तिय पहुँचको विस्तार गर्नुका साथै नवप्रवर्तनका लागि आइएमई पे र भिजा बिचको बलियो साझेदारीलाई प्रतिबिम्बित गर्दछ । आइएमई पे ले हाल भिजासंगको सहकार्यमा भर्चुअल तथा फिजिकल कार्ड प्रयोगमा ल्याएर नेपालको फिनटेक क्षेत्रमै नयाँ बेन्च मार्क सेट गरेको छ र आगामी दिनमा पनि भिजासंगको सहकार्यमा बिभिन्न नवप्रवर्तनात्मक सेवाहरु लिएर आउने जानकारी आइएमई पे का प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले जानकारी गराउनुभयो ।

# सीमा सुरक्षा तथा सीमावर्ती राजश्व चुहावट नियन्त्रण अन्तरक्रिया कार्यक्रम



काठमाडौं । सशस्त्र प्रहरी बल नेपालले संगठनका बहालवाला तथा अवकाश प्राप्त बरिष्ठ अधिकृतहरु बीचमा सशस्त्र प्रहरी बल नेपालको कार्यादेश तथा बर्तमान सुरक्षा अवस्था बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय स्वयम्भू हलचोकमा शुक्रबार आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले संगठनको लक्ष्य प्राप्तिमा यस प्रकारका छलफल महत्वपूर्ण र फलदायी रहने उल्लेख गर्नुहुँदै अग्रजको सुझाव, सल्लाह तथा रचनात्मक सहयोग संगठनको वृत्ति विकासका लागि मार्गदर्शक समेत हुने बताउनुभयो ।

सो अवसरमा सीमा सुरक्षा, मानवश्रोत तथा कार्यविभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु क्रमश नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम तथा बंशीराज दाहालले आ-आफ्नो विभागीय गतिबिधि प्रस्तुत गर्नुभएको थियो ।

खासगरी सीमा सुरक्षामा सशस्त्र प्रहरी बल नेपालको भूमिकाका सन्दर्भमा यस सँग सम्बन्धित कानूनी प्रावधान, सीमा सुरक्षार्थ प्रविधिकरणका सम्भावना र चुनौती, सीमा व्यवस्थापनमा भएका प्रयासका विषयमा छलफल भएको थियो ।

यसैगरी सुरक्षा निकाय र सीमा क्षेत्रमा बसोबास गर्ने नागरिक बिचको सम्बन्ध विकास, सीमा सुरक्षामा अन्तरनिकाय समन्वय र सहयोग, राजश्व चुहावट नियन्त्रणका लागि गर्नुपर्ने प्रयासका बिषयमा समेत छलफल केन्द्रित थियो ।

कार्यक्रममा अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु सनत कुमार बस्नेत, किशोर कुमार लामा, शैलेन्द्र कुमार श्रेष्ठ, कोषराज वन्त, सिहँ बहादुर श्रेष्ठ र पुष्पराम के.सीले समयानुकुल सीमा सुरक्षाका चुनौती पनि बदलिँदै जाने भएकोले त्यसै अनुरुप लाग्नुपर्ने बताउनुभयो । सीमा सुरक्षामा स्थानीय जनता सँगको सहकार्य महत्वपूर्ण हुने भएकोले संगठनले सीमावासीसँग सहकार्य गर्ने कार्यको थालनी गर्नु अत्यन्त महत्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा अवकाश प्राप्त सशस्त्र प्रहरी अतिरीक्त महानिरीक्षकहरु, नायव महानिरीक्षकहरुले पनि सीमा सुरक्षा र संगठनको बृहतर हितको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बलका बहालवाला तथा अवकाश प्राप्त बरिष्ठ अधिकृतहरुको उपस्थिती रहेको थियो ।


## प्रदुषण रोकौं, स्वस्थ बनौं

वातावरण प्रदुषणका कारणहरु:

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विसर्जन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन-जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

यस्ता कार्य नगरौं/नगराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं